का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ पुस २०८१,
आइतबार
22 December, 2024
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २२, अंक ३०३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# उपाधि जनकपुरलाई

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ पुस ।

नेपाल प्रिमियर लिग (एनपीएल)को पहिलो सिजनको उपाधि जनकपुर बोल्ट्सले जितेको छ । त्रिवि क्रिकेट मैदानमा शनिबार खचाखच दर्शकका बीच सुदूरपश्चिम रोयल्सलाई ५ विकेटले पराजित गर्दै जनकपुरले एनपीएलको उपाधि उचालेको हो । फाइनलमा सुदूरपश्चिम रोयल्सले दिएको १८५ रनको लक्ष्य जनकपुरले १९ दशमलव २ ओभरमा ५ विकेट गुमाउँदै कप उचाल्न सफल भएको हो ।

जनकपुरका लागि ओपनर लाहिरु मिलान्थाले सर्वाधिक ८७ रन बनाए । उनले ४९ बलमा ९ चौका र ४ छक्का प्रहार गरे । यो सँगै मिलान्था प्रतियोगिताकै सर्वाधिक रन जोड्ने खेलाडी पनि बने । प्रतियोगितामा उनले १० इनिङ्समा २ अर्धशतकसहित २९३ रन बनाएका छन् ।

जनकपुरलाई जिताउन भूमिका खेलेका मिलान्थाले सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीबाट एक पटक जीवनदान पाएका थिए । यस्तै, हर्ष ठाकरको क्याच पनि ब्रान्डन म्याकमुलनले एक पटक छाडेका थिए ।

सुदूरपश्चिमका लागि स्कट केग्गेलिन, सैफ जैब, दीपेन्द्रसिंह ऐरी र इशान पाण्डेले समान १/१ विकेट लिए । सुदूरपश्चिमका तर्फबाट बलिङ र फिल्डिङ निकै निराशाजनक रह्यो । ब्याटरले गरेको उत्कृष्ट प्रदर्शन बलरले दोहोऱ्याउन नसक्दा सुदूरपश्चिमले हार बेहोरेको हो ।

त्यसअघि टस जितेर ब्याटिङ गरेको सुदूरपश्चिमका ओपनर सैफ जैबले सर्वाधिक ६९ रन बनाए । उनले ४३ बलमा ८ चौका र २ छक्का प्रहार गरे । अर्का ओपनर विनोद भण्डारीले ३१ बलमा ४१ रन बनाए ।

जनकपुरका लागि मोहम्मद मोसिन र किशोर महतोले समान ३/३ विकेट लिए । जेम्स निसम, ललित राजवंशीले समान १/१ विकेट >>> पृष्ठ २ मा




## विजेतालाई १ करोड १० लाख

जनकपुरको जितसँगै खेलाडी र समर्थकहरूले त्रिवि क्रिकेट मैदानमा उत्सव मनाएका थिए । जितसँगै जनकपुर बोल्ट्सले १ करोड १० लाख नगद पुरस्कारसँगै ट्रफी हात पारेको छ । उपविजेता सुदूरपश्चिमले ५१ लख रुपैयाँ पाएको छ । तेस्रो भएको कर्णाली याक्सले २५ लाख र चौथो भएको चितवन राइनोजले १५ लाख पुरस्कार पाएका छन् । कांग्रेस सभापति शेरबहादुर देउवा र नेकपा माओवादी >>> पृष्ठ २ मा

## ऐरीले जिते कार, ललितलाई मोटरसाइकल

एनपीएलको उत्कृष्ट खेलाडी बन्दै सुदूरपश्चिम रोयल्सका कप्तान दीपेन्द्रसिंह ऐरीले कार जितेका छन् ।

एनपीएलको उपाधि जित्न चुकेका ऐरीले कार जितेका हुन् । उनले ओमोडा एन्ड जेइको ब्रान्डको ६२ लाख रुपैयाँ पर्ने ओमोडा गाडी जितेका हुन् । ब्याटिङ, बलिङ र फिल्डिङमा उनको प्रदर्शन उत्कृष्ट रहेको छ । उनले अलराउन्ड प्रदर्शन गर्दै ९ खेलमा २२७ रन र ९ विकेट लिएका छन् । त्यस्तै, जनकपुर बोल्ट्सका ललित राजवंशीले >>> पृष्ठ २ मा

## नेताहरू मैदानमा

एनपीएल क्रिकेट हेर्न शीर्ष नेताहरू त्रिवि क्रिकेट मैदान पुगेका थिए । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', गृहमन्त्री रमेश लेखक, उद्योगमन्त्री दामोदर भण्डारी, सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाह, सामाजिक विकासमन्त्री मेघराज खड्का, मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह खेल अवलोकन गर्न मैदान पुगेका थिए ।

## कसले के जिते ?

एनपीएलको 'प्लेयर अफ द टुर्नामेन्ट' सुदूरपश्चिम रोयल्सका सेफ अली जैबले हात पारे । उनले ५ लाख रुपैयाँ प्राप्त गरेका छन् । प्रतियोगिताभर उनले सुदूरपश्चिमका लागि २७५ रन र १२ विकेट लिएका थिए ।

त्यस्तै, सर्वोत्कृष्ट खेलाडी सुदूरपश्चिमकै दीपेन्द्रसिंह ऐरी बने । उनले ओमोडा इभी कार पुरस्कार प्राप्त गरेका छन् । एनपीएलको सर्वोत्कृष्ट बलर ललित राजवंशी घोषित भए । उनले मोटरसाइकल पुरस्कार प्राप्त गरेका छन् । 'इमर्जिङ प्लेयर अफ द टुर्नामेन्ट' विपीन शर्मा बनेका छन् । >>> पृष्ठ २ मा

# ३ बुँदे सहमतिको पृष्ठभूमि खोज्दै प्रचण्ड

**माओवादी केन्द्रसँगको एकताको निर्णय लागू नहुनुमा प्रचण्डलाई जिम्मेवार रहेको ठहर गर्दै नेत्रविक्रम चन्द 'विप्लव' नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँगको संवादमा पुगेका हुन्**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ पुस ।

नेकपा एमाले र नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका नेताहरूबीच संवाद बढेको छ ।

पार्टीको केन्द्रीय कमिटीको बैठकबाटै माओवादी केन्द्रसँग एकता गर्ने निर्णय गरेको विप्लव नेतृत्वको पार्टी पछिल्लो समय आफ्नै निर्णयको समीक्षा गर्न पुगेको छ ।

### विप्लवसँग भएको सहमति

१. नेपाल सरकार तथा नेपाल कम्युनिस्ट पार्टी देशका राजनीतिक समस्याहरू वार्ता तथा संवादबाट समाधान गर्न सहमत भएका छौं ।
२. नेपाल कम्युनिस्ट पार्टी आफ्ना सबै राजनीतिक क्रियाकलापहरू शान्तिपूर्ण रूपमा संचालन गर्न सहमत भएको छ ।
३. नेपाल सरकारले नेपाल कम्युनिस्ट पार्टीमाथि लगाइएको प्रतिबन्ध हटाउने, कारागारमा रहेका पार्टीका नेता तथा कार्यकर्ताको रिहाइ र सम्पूर्ण मुद्दाहरू खारेज गर्ने ।

गत २६ मंसिरदेखि २ पुससम्म बसेको उक्त पार्टीको केन्द्रीय समिति बैठकले माओवादी केन्द्रसँग एकता गर्ने निर्णय कार्यान्वयन नहुनुमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' जिम्मेवार रहेको निष्कर्ष निकालेको छ ।

माओवादी केन्द्रसँगको एकताको निर्णय लागू नहुनुमा प्रचण्डलाई जिम्मेवार रहेको ठहर गर्दै विप्लव >>> पृष्ठ २ मा

# आरजुले भेट्न पाइनन् मोदी र जयशंकर

चीन भ्रमणमा पुगेर बीआरआई परियोजना कार्यान्वयन सहमतिपत्रमा हस्ताक्षर भएपछि भारत झस्किएको छ । सहमतिमा हस्ताक्षर गराउन मन्त्री राणा पनि पनि सक्रिय थिइन् । सम्झौताका लागि उनको सक्रियताबाट भारत असन्तुष्ट भएको जानकारहरु बताउँछन्


**निमिष झा/मध्यान्ह**
काठमाडौं, ६ पुस ।



भारत भ्रमणमा रहेकी परराष्ट्रमन्त्री डा. आरजु राणाको उच्चस्तरीय भेटवार्ता नहुने भएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र समकक्षी एस. जयशंकरसँग मन्त्री राणाको भेटवार्ता न हुने निश्चित भएको हो ।

प्रधानमन्त्री केपी शर्मा ओलीको भ्रमणको तयारी गर्ने अपेक्षासहित परराष्ट्रमन्त्री राणाको दिल्ली भ्रमण भएको हो । तर, यस पटक उनले अघिल्लो पटकको जस्तो महत्त्व र सम्मान पाएकी छैनन् । परराष्ट्रमन्त्री राणा बेल्जियम, नेदरल्यान्ड्स, लक्जेम्बर्ग र जर्मनीको भ्रमण गर्दै बिहीबार बिहान दिल्ली पुगेकी हुन् ।

नयाँ दिल्लीमा उनले शुक्रबार भारत-नेपाल आर्थिक सम्मेलनलाई >>> पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

# आइरिस रिकोग्नेसनको सुरुवात सहज

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ पुस ।

वैदेशिक रोजगार विभागले लागू गरेको 'फेसटाइम एटेन्डेन्स एन्ड आइरिस रिकोग्नेसन' प्रणाली कार्यान्वयन सहज हुँदै आएको बताएको छ । विभागले ३ पुसदेखि वैदेशिक रोजगारीमा जानुपूर्व दिइने अभिमुखीकरण तालिमका लागि फेसटाइम एटेन्डेन्स एन्ड आइरिस रिकोग्नेसन प्रणाली लागू गरेको हो ।

औंठा छापबाट वैदेशिक रोजगारीमा जाने कामदारको पूर्वप्रस्थान अभिमुखीकरण तालिमको हाजिरी लिँदा अनियमितता भएको भन्दै विभागले लामो अभ्यासपछि ३ पुसदेखि उक्त प्रणाली कार्यान्वयनमा ल्याएको हो । हाल १४३ अभिमुखीकरण संस्थाले वैदेशिक >>> पृष्ठ २ मा



## बिचौलिया रोक्न विद्युतीय गेट

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले विभिन्न आवरणमा कार्यालय प्रवेश गर्ने बिचौलिया नियन्त्रण गर्न कडाइ गरेको बताएको छ । त्यसका लागि विभागले विद्युतीय प्रवेशद्वार निर्माण गरेको छ ।

खासगरी नयाँ बसपार्क क्षेत्रमा रहेका केही होटलका अघोषित एजेन्ट बनेर पठाओका ड्राइभरहरू श्रम स्वीकृति निकाल्ने एजेन्टका रूपमा देखिएका बताइएको छ । पठाओका ड्राइभरहरू सेवाग्राहीलाई बोकेर ल्याई विभाग प्रांगणमा पार्किङ गरी दैनिक काम गरिरहेका पाइएपछि उनीहरूलाई विभाग प्रवेश निषेधित गरिएको विभागका निर्देशक गुरुदत्त सुवेदीले जानकारी दिए ।

**युएईमा रोजगार**

कम्पनी : NAHIR INDUS TECHNICAL SERVICES LLC शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/०५ चलानी नं.: ६०२२९९३९ LT. No.: 315642

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scafolder | 45 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Layer | 5 | 0 | | 1200 | ४४,३४० | | | | | | | |
| 3. | Electrician Assistant | 10 | 0 | | 1200 | ४४,३४० | | | | | | | |
| 4. | Stone Mason/brick Mason/tyle Layer/mason Assitant/construction Carpenter | 5 | 0<br>0 | | 1200 | ४४,३४० | | | | | | | |
| 5. | Electrical Network Assistant | 10 | 0 | | 1200 | ४४,३४० | | | | | | | |

अन्तर्वार्ता सम्बन्धित कम्पनीको प्रतिनिधीबाट जब ओरियन्टेड ट्रेनिङ इन्स्टिच्युट, रानीबारी, काठमाडौंमा मिति २०८१ पुष १४, १५ र १६ गते (29, 30 & 31 December 2024) मा हुनेछ । काममा दक्ष र अदक्ष दुबैले अन्तर्वार्तामा सहभागी हुन पाउने ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Seasonal Manpower Company Pvt. Ltd.**
टाउनप्लानिङ, सामाखुसी, काठमाडौं, फोन: नं.: ०१-४९८०५३८, Email: seasonalmp@gmail.com
Mobile: 9764605405 / 9705082831 /9705083832
श्रम इजाजत नं ९८५/०६७/०६८

## उपाधि...

लिए । जनकपुरले सुदूरपश्चिमसँग लिग चरणमा ७२ रन र पहिलो क्वालिफायरमा ८ विकेटको हार बेहोरेको थियो ।

**राष्ट्रपति र प्रधानमन्त्रीले दिए बधाई**

एनपीएलको पहिलो संस्करणको उपाधि जितेकोमा राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीले जनकपुर बोल्ट्सलाई बधाई दिएका छन् ।

राष्ट्रपति पौडेलले प्रतियोगितामा सहभागी सबैलाई शुभकामना दिँदै आगामी संस्करणहरूमा अझ राम्रो गर्ने विश्वास व्यक्त गरेका छन् । यस्तै, प्रधानमन्त्री ओलीले ऐतिहासिक जितप्रति खुसी व्यक्त गरेका छन् । उनले भनेका छन्, 'बधाई जनकपुर बोल्ट्स, एनपीएलको पहिलो उपाधि जित्न सफल भएकोमा । आजको खेलमा सुदूरपश्चिम रोयल्सको प्रदर्शन पनि उत्कृष्ट रह्यो ।'

## विजेतालाई...

केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले एनपीएलको विजेता जनकपुर बोल्ट्सलाई संयुक्त रूपमा ट्रफी हस्तान्तरण गरे । ट्रफी हस्तान्तरण गर्दा नेपाल क्रिकेट संघ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्द पनि उपस्थित थिए ।

सर्वोच्च शिखर सगरमाथा नजिक रहेको कालापत्थरको ढुंगा राखेर एनपीएल ट्रफी बनाइएको हो । ट्रफीमा प्रयोग भएको ढुंगा आरोहीद्वय निमा शेर्पा र मिङ्मा शेर्पाले ल्याएका थिए । ट्रफीको अनावरण प्रधानमन्त्री केपी ओलीले प्रतियोगिता सुरु हुनुअघि गरेका थिए ।

## ऐरीले...

अल्ट्राभाइलेट इलेक्ट्रिक मोटरसाइकल जितेका छन् । एनपीएलमा सर्वाधिक विकेट लिने ललितले मोटरसाइकल जितेका हुन् । राजवंशीले प्रतियोगितामा १० इनिङ्स बलिङ गर्दै ४० ओभरमा २१३ रन खर्चिएर १७ विकेट लिएका छन् । राजवंशीसँगै सुदूरपश्चिम रोयल्सका स्कट कुग्लिनले पनि समान १७ विकेट लिएका छन् ।

## कसले...

कर्णाली याक्सका १६ वर्षे युवा बलर विपीनले ५० हजार नगद र प्रेजिडेन्सियल कलेजमा १० लाखको छात्रवृत्ति प्राप्त गरे ।

इनर्जेटिक प्लेयर अफ द टुर्नामेन्ट जनकपुरका जिमी निसम घोषित भए । उनले २ लाख रुपैयाँ प्राप्त गरेका छन् । उनको २०४ भन्दा माथिको स्ट्राइक रेट छ ।

अत्यधिक चौका अवार्ड लाहिरु मिलान्थाले पाएका छन् । सुपर फोरका लागि मिलन्थाले नै २५ हजार रुपैयाँ र ५ हजार रुपैयाँको रिचार्ज भौचर जिते । यस्तै, 'फेयर प्ले अवार्ड' लुम्बिनी लायन्स टिमले प्राप्त गरेको छ । प्रतियोगितामा सुदूरपश्चिमका फास्ट बलर स्कट कुगलेइन सबैभन्दा धेरै विकेट लिने खेलाडी बनेका छन् । उनले ९ खेलमा १७ विकेट लिए । उनले पोखराविरुद्ध ५ विकेट लिएका थिए ।

## ३ बुँदे...

एमाले ओलीसँगको संवादमा पुगेका हुन् । नेताहरूका अनुसार राजनीतिक सहकार्य र यसअघि ओली प्रधानमन्त्री हुँदा नै भएको ३ बुँदे सहमति कार्यान्वयनको विषयमा ओली र विप्लवबीच छलफल चलिरहेको छ ।

सशस्त्र राजनीति गर्ने भनेर भूमिगत राजनीति गरिरहेको विप्लव नेतृत्वको पार्टी २ फागुन २०७७ मा तत्कालीन ओली नेतृत्वको सरकारसँग ३ बुँदे सहमति गरेर शान्तिपूर्ण राजनीतिमा आएको थियो । ओली र विप्लवले हस्ताक्षर गरेको उक्त ३ बुँदे सहमतिपत्र सोही वर्ष २१ फागुनमा काठमाडौंको राष्ट्रिय सभागृहमा राखिएको विशेष कार्यक्रममा सार्वजनिक गरिएको थियो । यही सहमति कार्यान्वयन गर्नका लागि भनेर सरकारले ल्याएको केही नेपाल ऐन संशोधन विधेयक प्रतिनिधिसभामा विचाराधीन छ । ओलीसँग विप्लवको संवाद अगाडि बढेसँगै यो विधेयकमाथि छलफल गर्न संसदीय समितिले बैठक राखेको छ । सशस्त्र द्वन्द्वमा वा भूमिगत रहेको राजनीतिक शक्ति शान्तिपूर्ण राजनीतिमा आए जुनसुकै अदालतको जुनसुकै तहमा रहेको मुद्दासमेत सरकारले फिर्ता लिन सक्ने प्रावधानसहितको विधेयक प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समितिमा विचाराधीन छ । यो विषयमा छलफल गर्न कानुन समितिको बैठक आइतबार बिहान साढे १० बजेका लागि राखिएको छ ।

आफूलाई पार्टी एकता गर्नमा ढिलाइ गरेको आरोप लगाउँदै विप्लव एमाले अध्यक्ष ओलीसँग संवाद गर्न गएका जानकारीमा प्रचण्ड रहेको उनी निकटका नेताहरू बताउँछन् । बरु, प्रचण्ड नै ओलीसँग विप्लवले २०७७ फागुनमा गरेको ३ बुँदे सम्झौताको पृष्ठभूमि खोज्दै छन् ।

माओवादीले १० वर्षसम्म गरेको सशस्त्र संघर्ष राजनीतिक व्यवस्था परिवर्तनका लागि थियो भन्ने पुष्टि भएको तर विप्लवले गर्ने भनेको सशस्त्र संघर्षको केका लागि थियो र किन सरकारसँग सम्झौता गरेर छाडेर हिँडेको पुष्टि हुन नसकेको प्रचण्ड निकटका नेताहरू बताउँछन् ।

ओली नेतृत्वको सरकारसँगको सम्झौता कार्यान्वयन नभएको र यही अवस्थामा माओवादीसँग एकता गर्दा कार्यान्वयन नभएर मुद्दा/मामिला झेल्नुपर्ने हो कि भन्ने त्रासमा कतिपय नेताहरू छन् ।

विप्लवमार्फत ओलीले नै माओवादीमा भविष्यमा थप खेल्न खोजेका हुन कि भन्ने आशंकालगायतका कारणले विप्लवसँगको एकतामा ढिलाइ हुने गरेको र विप्लव नेतृत्वको पार्टीसँग कति धैर्य छ भनेरसमेत हेर्न खोजिएको प्रचण्ड निकटका नेताहरू बताउँछन् ।

विप्लव नेतृत्वको पार्टीका नेताहरू भने माओवादीले आन्तरिक समस्या समाधान गर्न नसकेर आफूहरूसँगको एकतामा विलम्ब गरेको बताउँछन् ।

## आरजुले ...

प्रमुख अतिथिको रूपमा सम्बोधन गरिन् । नेपाल समसामयिक अध्ययन केन्द्र र भारतको फाउन्डेसन फर इकोनोमिक ग्रोथ एन्ड वेलफेयर (एग्रो)को आयोजनामा सम्मेलन भएको हो ।अथक प्रयासका बाबजुद उनलाई शनिबार रातिसम्म भारतीय संस्थापन पक्षले भेट नदिएको हो । उनले भारतीय प्रधानमन्त्री मोदी, विदेशमन्त्री जयशंकर, गृहमन्त्री अमित साह, रक्षामन्त्री राजनाथ सिंह, विदेश मन्त्रालयका सचिव विक्रम मिश्री, भारतीय प्रधानमन्त्रीका सुरक्षा सल्लाहकार अजित डोभाल, भारतीय गुप्तचर संस्था रअका प्रमुख र भारतीय जनता पार्टी (भाजपा)का विदेश विभाग इन्चार्ज डा. विजय चौथाइवालेसँग भेट्न खोजेकी थिइन् । तर, सबैले 'व्यस्तता' देखाउँदै भेटवार्ता गर्न इन्कार गरेका छन् । भाजपाका विदेश विभाग इन्चार्ज चौथाइवालेलाई राणाले राखी लगाइदिएकी थिइन् ।

नयाँ दिल्लीमा समकक्षी जयशंकरसँग भेटेर प्रधानमन्त्री ओलीको भ्रमणको तयारीका सम्बन्धमा छलफल गर्ने नेपाली पक्षको अपेक्षा थियो । तर, भारत सरकारका प्रतिनिधि मात्र नभई सत्तारूढ भारतीय जनता पार्टीका नेताहरूले समेत भेट दिएका छैनन् ।

मन्त्री राणाका प्रेस सल्लाहकार एकराज पाठकले राणाको यस पटकको भारत भ्रमण द्विपक्षीय भेटघाटका लागि नभई स्वास्थ्य उपचारका लागि मात्र भएको बताए । 'उहाँ उपचारका लागि भारत जानुभएको हो । राजनीतिक भेटघाटको कार्यक्रम छैन', उनले भने । भारत जाने कुरा राणा युरोप गएपछि तय भएको उनले बताए ।

यसअघि गत भदौ पहिलो साता मन्त्री राणा भारत भ्रमणमा गएका बेला समकक्षी जयशंकरसहित भारतीय प्रधानमन्त्री मोदीसँग भेटघाट भएको थियो । अतिव्यस्तताका बाबजुद मोदीले राणालाई भेट दिएका थिए । त्यतिबेला राणालाई भारतले अतिमहत्त्व दिएको चर्चा भएको थियो ।

परराष्ट्र मामिलाका जानकार डा. इन्द्र अधिकारीले यस पटक मन्त्री राणाको भारत भ्रमणको समय र योजना नमिलेको बताइन् । 'उहाँ विशुद्ध उपचारका लागि जानुभएको हो । त्यस कारण भारतीय नेताहरूले भेट दिनै पर्छ भन्ने छैन', उनले भनिन् ।

अधिकारीका अनुसार मन्त्री राणाको भारत भ्रमणको 'प्लानिङ' पनि थिएन । भारतीय प्रधानमन्त्री र विदेशमन्त्री देशबाहिर भएको समयमा राणाको भ्रमण भएको उनले बताइन् । भारतीय प्रधानमन्त्री मोदी र विदेशमन्त्री जयशंकर शनिबार बिहान कुवेत प्रस्थान गरेका छन् । कुवेतपछि विदेशमन्त्री जयशंकर अमेरिका जाने कार्यक्रम छ । पहिलो औपचारिक भ्रमण भारतबाट गर्ने 'परम्परा' तोडेर प्रधानमन्त्री ओली चीन भ्रमणमा गएको विषयलाई भारतले सहज नलिएको कतिपयको बुझाइ छ ।

प्रधानमन्त्री ओलीले १७-२० मंसिरसम्म चीनको औपचारिक भ्रमण गरेका थिए । भ्रमणका क्रममा २ देशबीच बीआरआई फ्रेमवर्क सम्झौतामा हस्ताक्षर भएको थियो । चीनबाट फर्किएलगत्तै परराष्ट्रमन्त्री राणा लामो समयका लागि युरोप भ्रमणमा निस्किएकी थिइन् ।

चीनबाट फर्केपछि २० मंसिरमा झापाका ओलीले छिट्टै भारत भ्रमण गर्ने बताएका थिए ।

दिल्लीमा परराष्ट्रमन्त्रीको राजनीतिक भेटवार्ता हुन नसकेपछि प्रधानमन्त्री ओलीको भारत भ्रमण बारे संशय बढेको छ । राणाको एक साता दिल्ली बसाइमा समेत राजनीतिक तहमा उच्चस्तरीय भेटवार्ता नहुनुलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

परराष्ट्र मन्त्रालयका अधिकारीका अनुसार प्रधानमन्त्री ओलीको भारत भ्रमण अंग्रेजी नयाँ वर्ष २०२५ जनवरी मध्यतिर गराउने तयारी छ । तर, भारतले निम्तो भने गरेको छैन । 'भारतले अहिलेसम्म निम्तो दिएको छैन । समय मिलेको खण्डमा नेपालले जनवरीको दोस्रो साता प्रस्ताव गर्ने भनेको हो', ती अधिकारीले भने ।

यसैबीच सत्तारूढ नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवाली पनि नयाँ दिल्लीमा छन् । उनी केका लागि गएका हुन् भन्ने सार्वजनिक भने भएको छैन । यद्यपि, ज्ञवालीको भ्रमण पनि प्रधानमन्त्री ओलीको भारत भ्रमण गराउने प्रयासका लागि भएको कूटनीतिज्ञहरू बताउँछन् । चीन भ्रमणमा पुगेर बीआरआई परियोजना कार्यान्वयन सहमतिपत्रमा हस्ताक्षर भएपछि भारत झस्किएको छ । सहमतिमा हस्ताक्षर गराउन मन्त्री राणा पनि पनि सक्रिय थिइन् । सम्झौताका लागि उनको सक्रियताबाट भारत असन्तुष्ट भएको जानकारहरू बताउँछन् ।

## आइरिस...

रोजगारीमा जाने कामदारलाई वैदेशिक रोजगारीमा उड्नु अगाडि अभिमुखीकरण तालिम दिने गरेका छन् । विभागका निर्देशक तथा सूचना अधिकारी गुरुदत्त सुवेदीले पहिलो हप्ताको अनुभव सकारात्मक रहेको बताए । उनले केही अभिमुखीकरण व्यवसायीले मात्र फरक दृष्टिकोण राखे पनि विभागले प्रणालीमा समावेश नभए व्यवसायबाट बञ्चित हुनुपर्ने र व्यवसायीलाई नै नोक्सानी हुने सुझाव दिएपछि व्यवसायी प्रणालीमा आबद्ध हुने क्रम जारी रहेको बताए । केही व्यवसायी नयाँ प्रणाली लागू गरेपछि नयाँ शुल्क तोकिनुपर्ने माग गरिरहेका छन् ।

नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघले व्यवसायीले झन्डै १३ करोड रुपैयाँ खर्च गरेर अन्य पूर्वाधारसहित सिस्टम जडान गरिसकेको बताएको छ । तर, निर्देशक सुवेदीले नयाँ प्रणालीले काम गरेको र वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने सबै कामदारले अनिवार्य रूपमा कक्षामा उपस्थित भई अध्ययन गरी प्रणाली प्रभावकारी भएको यकिन नभएसम्म शुल्कमा पुनर्विचार नहुने बताए । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारलाई अनिवार्य उपस्थित भई आवश्यक सूचना र पर्याप्त जानकारी प्रदान गराउने उद्देश्यले आइरिस रिकोग्नेसन प्राणाली लागू गरेको हो । सूचना अधिकारी सुवेदीले विभागलाई क्यासलेस, फेसलेस र पेपरलेस बनाई नमुना सरकारी कार्यालय बनाउने योजनाअन्तर्गत आइरिस रिकोग्नेसन प्रणाली लागू गर्नेसहितका अन्य कामहरू पनि भइरहेका बताए ।

वैदेशिक रोजगारीमा जान लागेको कामदारले जान लागेको देश, आफूले गर्नुपर्ने काम, पाउने पारिश्रमिकलगायतका बारेमा पूर्ण रूपमा जानकारी लिनुपर्छ । त्यस्तै, आफूलाई पठाउने म्यानपावर कम्पनीको अवस्था, सम्बन्धित मुलुकको कानुन, तलब सुविधा, स्वाथ्य, रहनसहन, हावापानी, काम गर्दा अपनाउनुपर्ने सावधानी, सम्बन्धित देशको भाषा र सीपका बारेमा पर्याप्त जानकारी लिनुपर्नेमा एजेन्टबाट प्रभावित र नियन्त्रित कामदार तालिममा नै सहभागी नहुने अवस्थाले उनीहरू विदेशमा समस्यामा परे आत्तिने र थप ठगीमा पर्ने गरेका छन् ।

# राहदानी बनाउन माल्टाबाट ६५० को आवेदन, १ करोड बढी राजस्व संकलन

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ६ पुस




विद्युतीय राहदानी (ई-पासपोर्ट) बनाउनका लागि माल्टाबाट ६ सय बढी नेपालीको राहदानी आवेदन संकलन गरिएको छ । राहदानी विभाग काठमाडौं र स्पेनस्थित नेपाली दूतावासको संयुक्त टोलीले माल्टामा सञ्चालन गरेको घुम्ती शिविरबाट विद्युतीय राहदानीका लागि जैविक विवरणसहितको आवेदन संकलन गरेको हो ।

शिविरबाट राहदानीको म्याद सकिएका, राहदानीको म्याद एक वर्षभन्दा कम भएका, क्षति भएका, हराएका र माल्टामा जन्मेका नेपाली बालबालिकाको नयाँ राहदानी गरी कूल ६५० जनाको जैविक विवरणसहितको आवेदन संकलन गरिएको स्पेनका लागि कार्यवाहक राजदूत यज्ञराज पौड्यालले जानकारी दिए । पाँच दिनसम्म सञ्चालन भएको घुम्ती सेवाबाट झण्डै सात सय नेपालीले सेवा लिएको कार्यवाहक राजदूत पौड्यालले बताए ।

शिविरबाट करिब ७८ हजार युरो अर्थात् एक करोड १० लाख रुपैयाँ राजस्व संकलन भएको पौड्यालले बताए । 'राहदानी नवीकरणलगायतका कागजात प्रमाणीकरणसम्बन्धी समस्यामा परेका नेपालीलाई सेवा दिन विशेष प्राथमिकता दिएर माल्टामा घुम्ती शिविर सञ्चालन गरेका हौं', पौड्यालले भने, 'शिविर अवधिभर हामीले सक्दो सेवा दिने प्रयास गऱ्यौं, माल्टाबाटै सेवा पाउँदा सहज भएको भन्दै सेवाग्राहीले खुसी व्यक्त गर्नुभयो ।'

शिविरबाट राहदानी नवीकरण, राहदानी वितरण र कागजात प्रमाणीकरणलगायतका कन्सुलर सेवा प्रवाह गरिएको दूतावासले जनाएको छ । घुम्ती सेवामा दूतावासका सहचारी विपिन चन्द, राहदानी विभागका नायब सुब्बा विदुर खतिवडा र दूतावासका स्थानीय कर्मचारी खटिएका थिए । टोलीले डिसेम्बर १४ तारिखदेखि गैरआवासीय नेपाली संघ माल्टाको कार्यालयबाट कन्सुलर सेवा प्रदान गरेको थियो । घुम्ती सेवालाई गैरआवासीय नेपाली संघ माल्टासहित त्यहाँ क्रियाशील नेपाली संघसंस्थाले समन्वय र सहजीकरण गरेका थिए ।

माल्टामा नेपाली दूतावास नभएका कारण राहदानी विभाग र स्पेनस्थित नेपाली दूतावासको संयुक्त टोलीले त्यहाँ घुम्ती शिविर सञ्चालन गरेको हो । यसअघि दूतावासले गत महिना स्पेनको बार्सिलोनामा घुम्ती सेवा सञ्चालन गरेको थियो ।

Government of Nepal
Ministry of Urban Development
Department of Local Infrastructure Development
**Local Infrastructure Development Project Office**
Karnali Province, Birendranagar, Surkhet

**Invitation for Bids**

**Date of First Publication: (2024/12/22 Sunday)**

Local Infrastructure Development Project Office (LIDPO), Surkhet invites electronic bids only from Nepalese eligible bidders for the Construction and Upgrading of Various Road works as follows Contract Identifications under National Competitive Bidding procedures. Eligible Bidders may download the bidding documents for e-submission from PPMO's Website http://www.bolpatra.gov.np/egp. Pre-bid meeting shall be held at LIDPO, Surkhet on **2025/01/12** at 13:00 Hrs. Electronic bids must be submitted through PPMO website on or before 12:00 Hrs on 2025/01/21. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs on 2025/01/21 at LIDPO, Surkhet.

**IFB Identifications:**
1) LIDPO/SKT/IFB/WORKS/NCB/06/2081/82
2) LIDPO/SKT/IFB/WORKS/NCB/07/2081/82
3) LIDPO/SKT/IFB/WORKS/NCB/08/2081/82
4) LIDPO/SKT/IFB/WORKS/NCB/09/2081/82

**Office Chief**

Government of Nepal
Ministry of Urban Development
Department of Local Infrastructure (DOLI)
**Local Infrastructure Development Project Office (LIDPO)**
Karnali Province, Birendranagar, Surkhet

**Notice for Expression of Interest(EOI)**

**Date of publication: 2024/12/22**

Local Infrastructure Development Project Office, Surkhet Re-invites for the **"Detailed Engineering Survey, Design and Report Preparation of Various Roads"** (Contract Identification No: LIDPO/Surkhet/EOI-Roads/01/2080-81 & LIDPO/Surkhet/EOI-Roads/02/2080-81)" .Eligible consultants may download the EOI form for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp and shall submit the form before the date of 2025/01/06, 12:00 PM.

**Office Chief**

**Aathabis Municipality**
**Office of the Municipal Executive**
RakamKarnali, Dailekh
Karnali Province, Nepal

**Notic For invitation of Bids**

**Date of publication: 2081/09/07**

Aathabis Municipality Office of the municipal Executive Rakamkarnali, Dailekh invites electronic Bids under National Competitive Bidding procedure (NCB) through PPMO's e-procurement Systems https://www.bolpatra.gov.np/egp form eligable bidder for the procurements of following works mentioned below.

| S. N. | Name Of Project | Contract Identification No. | Estimated Amount (Including VAT PS &contingencies) | Bid Security Amount | Last Date and Time of Bid Submission | Date Place Of Bid Openning |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Rola Dekhi warda karyalaya hudai tauni samma sadak nirman, 06 | 03/NCB/AM/ R/2081-082 | NRs. 90,00,000.00 | Nrs. 2,30,000.00 | 2081/10/08 | 2081/10/08 At Aathabis Municipality Office, Rakamkarnali, Dailekh |

**Bank Information**

| Name Of Bank | Office Account Name & Numbers | Bidding Document Cost |
|---|---|---|
| Nepal investment Mega bank Ltd., Rakamkarnali, Dailekh | For Bid Security Deposit (Dhaurati Khata) 06301400250030<br>For Bid Document Fee (Aantarik Rajasho Khata) 06301400250085 | Nrs. 3000.00/- (Three Thousands Only) |

For More Detail Contract No. 9858051400 Or May Visit PPMO e-GP System At https://www.bolpatra.gov.np/egp

# देश धेरै हिसाबले अगाडि लम्कँदै छ : प्रधानमन्त्री

**तेज बन/मध्यान्ह**
इटहरी, ६ पुस

प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिक व्यवस्थामा आएको परिवर्तनपछि देश धेरै हिसाबले अगाडि लम्कँदै गरेको बताएका छन्। नेपाल जेसिजको ५१ औं राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोहलाई शनिबार इटहरीमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले राजनीतिक परिवर्तनभन्दा अगाडि र पछाडिका पूर्वाधार र आर्थिक विकास तथा रोजगारीका अवसरलगायत क्षेत्रमा व्यापक भिन्नता आएको बताए।




'हामीलाई चाहिएको मानव जातिको सुख हो। हाम्रा मेहनतको ध्येय सुख पाउनु हो। ज्ञान, बुद्धि र मति कस्तो छ भन्ने आधारमा मानिसको मूल्यांकन हुन्छ। ती तिनै भए पनि बुद्धि भ्रष्ट भएमा काम लाग्दैन। मानिसमा शालिनता र विनम्रता चाहिन्छ। आफूभित्र घमण्ड हुनु हुँदैन', मानिसले प्राप्त गरेको ज्ञान र बुद्धिलाई ठिक मतिले प्रयोग गर्न सकेमा मानवीय सुख प्राप्त गर्न सकिने बताउँदै उनले भने,'जेसिजले अनुशासन सिकाउँछ, अरुलाई सम्मान दिएर मनोबल सकारात्मक बनाउन प्रेरित गर्छ। यसले मुख छाड्न र गाली गर्न सिकाउँदैन। वातावरण जोगाउँन सिकाउँछ। यी प्रेरणाहरु मानव जातिका लागि आवश्यक छन्। समृद्ध नेपाल, सुखी नेपालको लक्ष्य पनि यही हो हामी नेपाली एकताबद्द भएर यो लक्ष्य प्राप्तिमा लाग्नुपर्छ।'

विश्व ध्यान दिवसको सन्दर्भ उल्लेख गर्दै उनले यस दिवसलाई सँधै अपनाउन र मानवोचित हितलाई केन्द्रमा राखेर जनता र पृथ्वीलाई जोगाउन जिम्मेवार हुन आग्रह गरे। जेसिजको लक्ष्य विश्व शान्ति, नेतृत्व विकास र उद्यमशीलता भएकाले नेपालमा जेसिजको लगातार विस्तार र प्रकाशको ज्योति छर्ने काम भएकामा प्रशंसा व्यक्त गरे।

कार्यक्रमका कोशी प्रदेशका मुख्यमन्त्री हिकमत कार्कीले जेसिजले ४० वर्ष भन्दा कम उमेरका युवाहरूलाई क्षमता अभिवृद्धि जस्ता सिपमूलक तालिमहरू प्रदान गर्दै देशमै स्वरोजगार बनाउनेतर्फ उन्मुख रहेकोप्रति शुभकामना दिएका थिए। सकारात्मक सोंचका साथ अघि बढ्ने युवाहरूका लागि प्रदेश सरकारले विभिन्न समयमा रोजगारमूलक तालिमहरू प्रदान गर्दै आइरहेको बताउँदै आगामी दिनहरूमा जेसिजसँग पनि सहकार्य हुन सक्ने बताए। त्यस्तै इटहरी उपमहानगरका मेयर हेमकर्ण पौडेलले प्रधानमन्त्री ओली समक्ष इटहरीवासीले भोग्दै आएको बाढी समस्याबारे गम्भीर हुन ध्यानाकर्षण गराए। उनले इटहरीको डुबान रोक्नका लागि विशेष बजेटसहितको योजना ल्याउन सरकार समक्ष आग्रह पनि गरे। मेयर पौडेलले प्रधानमन्त्री ओलीकै नेतृत्वमा सुरू भएको पूर्व पश्चिम रेलमार्ग निर्माण प्रक्रियाबारे जिज्ञासा राख्दै रोक्का गरिएको जग्गाहरू कहिले फुकुवा हुन्छ भनेर प्रश्न पनि राखे। रेलमार्गको कारण वर्षौदेखि जग्गा भोगचल गर्न नपाएका पीडितहरूले आफुलाइ सो प्रश्न गरिदिन आग्रह गरेको कारण प्रम समक्ष जिज्ञासा व्यक्त गरेको उनले सुनाए। शनिबारदेखि शुरू भएको जेसिज महाधिवेशन ८ गतेसम्म रहनेछ। कार्यक्रम नेपाल जेसिजका अध्यक्ष रविन पोखेलको अध्यक्षतामा सुरू भएको कार्यक्रममा देशभरबाट जेसिजमा आवद्ध शाखा अध्यक्ष तथा प्रतिनिधिहरूको बाक्लो उपस्थिति रहेको छ।

## नागढुंगा–मुग्लिन सडक
# आजदेखि सवारी आंशिक रूपमा रोकेर काम गरिने

**काठमाडौं/मस–** नागढुंगा-मुग्लिन सडकलाई विभिन्न तीन खण्डमा विभाजन गरेर स्तरोन्नतिको काम भइरहेको छ। काममा ढिलाइ भइरहेको समयमा अप्ठ्यारो खण्डमा आइतबारबाट आंशिक रूपमा यातायात आवागमन रोकेर काम गरिने भएको छ।



जिल्ला प्रशासन कार्यालय धादिङले जारी गरेको सूचना अनुसार सडक खण्डको तीन खण्डमा आइतबारदेखि १३ गते शनिबारसम्म बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म आंशिक रूपमा सडक बन्द गरेर काम गरिने छ।

एम्बुलेन्स र सुरक्षा निकाय बाहेकका सवारी साधन उक्त समयावधिमा चलाउन पाइने छैन। सडक विभागका अनुसार धादिङको धुनीबेसी नगरपालिका-९ स्थित नागढुंगा सुरुङमार्ग आसपासको सिस्ने खोला क्षेत्र, नौबिसे-मलेखु खण्डको पोखरे क्षेत्र र मलेखु-मुग्लिन खण्डको विशालटार क्षेत्रमा काम हुने भएकाले छोटो समयका लागि यातायात आवागमन रोकेर काम गर्न लागिएको हो।


अप्ठ्यारो भीर र मोड कटान गर्दा माथिबाट ढुंगा खसेर लाग्ने जोखिम रहेकाले निश्चित समयका लागि सवारी साधन आवागमन रोकेर काम गर्न लागिएको नागढुंगा-मुग्लिन सडक योजना, पूर्वी खण्डका योजना प्रमुख केशवप्रसाद ओझाले बताए। 'सवारी साधन नरोकी एक लेन सडक बनाएर पनि अरु काम गर्न सकिन्छ,' उनले भने, 'अहिले सडक चौडा पार्नका लागि उक्त सडक खण्डमा जहाँ-जहाँ अप्ठ्यारो पहाड छ, त्यसलाई कटान गरेर मिलाउन खोजिएको हो।'

सडक बन्द रहँदा कुन सवारी साधन कहाँ रोक्ने ट्राफिक प्रहरीको सहयोगमा योजना कार्यालयहरूले स्थान तोकेर सूचना जारी गरेका छन्। नागढुंगा-मुग्लिन खण्डमा दैनिक करिब १५ हजार सानाठूला सवारी साधन ओहोरदोहोर गर्छन्। अहिले तीनवटै खण्डमा धमाधम काम भइरहेको उनको भनाइ छ। पहिला भन्दा अहिले कामको गति केही बढेको उनले बताए।

# देशलाई गरिबीबाट मुक्त गर्ने योजना मसँग छ : भट्टराई

**जनकपुरधाम/मस–** नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष बाबुराम भट्टराईले प्रमुख तीन राजनीतिक दलहरू भ्रष्टाचारमा लिप्त भएको आरोप लगाएका छन्।

जनकपुरधाममा शनिवार नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) मधेस प्रदेश कमिटीको कार्यालय उद्घाटन गर्दै उनले नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा (माओवादी केन्द्र) र मधेसवादी दलहरू चरम भ्रष्टाचारमा लिप्त भएको आरोप लगाएका हुन्। पूर्वप्रधानमन्त्री समेत रहेका भट्टराईले यी दलहरूले सरकार फेरिनासाथ एकले अर्कोलाई भ्रष्टाचारी भन्दै भ्रष्टाचार लुकाउने प्रयास गर्दै आएका बताए।



उनले भने, 'सबै पार्टी जसरी चरम भ्रष्टाचारमा डुबेका छन्, नेताहरू सबै कमिसनखोरीमा गाँजिएका छन्। अन्तर्राष्ट्रिय स्तरका अर्बौं, अर्बका भ्रष्टाचार भएका छन्। त्यसैले यी ठूलाठूला नेताहरू पालैपालो सत्तामा बसेर आफ्नो भ्रष्टाचारको काण्ड लुकाउने प्रयत्नमा छन्। प्रत्येक पटक सरकार फेरिन्छ, अनि अर्कोलाई भ्रष्टाचारी भन्छ। आफ्नो लुकाउँछ।'

भट्टराईले देशको मुख्य समस्या गरिबी र बेरोजगारी भएको पनि स्पष्ट पारेका छन्। उनले भ्रष्टाचारको अन्त्यका लागि अधिकार सम्पन्न आयोग गठन गर्ने र त्यसले सबै भ्रष्टाचारीहरूको छानबिन गरेर कठघरामा उभ्याउने दाबी पनि गरे। उनले भने, 'यो भ्रष्टाचार जुन छ, जसरी पैसा खर्च गरेर भोट किनेर सत्तामा पुग्ने अनि त्यसपछि पालैपालो देशलाई लुट्ने। चाहे कांग्रेस भन्नुस्, एमाले भन्नुस्, माओवादी भन्नुस्। चाहे मधेसवादी दलहरू भन्नुस्। यो त पटक पटक तपाईंहरूले देख्नुभएको छ। हामी त्यो दुष्चक्र रोक्न चाहन्छौं। भ्रष्टाचार अन्त्य गर्न अधिकार सम्पन्न आयोग बनाउँछौं। त्यसले सबै भ्रष्टाचारीहरूको छानविन गरेर यिनलाई कठघरामा उभ्याउँछौं। कसैलाई भ्रष्टाचार गर्न दिँदैनौं।'

आर्थिक विकास र सुशासनमा केन्द्रित गर्दै २० वर्षभित्र देशलाई गरिबीबाट मुक्त गर्ने योजना आफ्नो दलसँग भएको दाबी पनि उनले गरे। संघीयताका अपूर्णतालाई समाधान गर्नका लागि उनले प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने र केन्द्र र प्रदेशमा प्रत्यक्ष निर्वाचित कार्यकारी र समानुपातिक संसद्को मोडल अपनाउने योजना उनले जनाए।

# 'ओली सरकार असफल भए देश अराजकतातिर जान सक्छ'

**काठमाडौं/मस–** नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले केपी शर्मा ओली नेतृत्वको सरकार असफल भए देश अराजकतातिर जानसक्ने बताएका छन्।




नेपाल प्रजातन्त्र सेनानी संघ सुदूरपश्चिमको प्रथम प्रदेश अधिवेशनलाई शनिवार धनगढीमा सम्बोधन गर्दै कोइरालाले कांग्रेस र एमालेबीच भएको सात बुँदे सहमतिअनुसार सरकार चल्न नसकेको भन्दै आलोचना गरे।

उनले भने, 'एमालेसँगको सहकार्यपछि हामी तरबारको धारमा हिँडिरहेका छौं। जो साथीहरू मन्त्री भएर जानुभएको छ, उहाँहरूले सरकारसँग सहकार्य गरेर जाने, हामी बाहिर भएकाहरूले हाम्रो प्रतिस्पर्धी भनेको एमाले नै हो। जुनसुकै तहको निर्वाचन भए पनि त्यसैले प्रतिस्पर्धा पनि गर्न जरुरी छ। मन्त्रीहरुले सहकार्य नगरे सरकार चल्दैन, तर हाम्रो प्रतिद्वन्द्वी एमाले नै भएकाले प्रतिस्पर्धा गर्नुपर्छ।'

उनले सरकारले गरेको गलत कामको विरोध गर्नुपर्ने बताए। कांग्रेस सरकारमा रहँदा पनि चुप लागेर बस्न नहुने उनको भनाइ छ।

नेता कोइरालाले भने, 'कुलमान घिसिङले उद्योगको बक्यौता उठाउनुपर्छ भनेर लाइन काटिदिनुभयो। प्रधानमन्त्रीले संसदको रोष्ट्रममा उभिएर खोल्छु भन्नुभयो। दुई चार करोडको कुरा छैन, अर्बौंको कुरा छ। हामीले दुई महिना विद्युतको पैसा नतिरे काट्दिन्छ, तर प्रधानमन्त्रीले बत्ती जोड्न निर्देशन दिनुभयो। त्यो गलत कुरा हो।'

उनले सरकारको राजस्व बढाउन सबैलाई चिन्ता भए पनि प्रधानमन्त्रीलाई नभए जस्तो देखिएको बताए। उनले पार्टी विभाजनसम्बन्धी अध्यादेश प्रधानमन्त्रीले ल्याउने तयारी गरेको भए पनि आफूहरूको विरोधले रोकिएको दाबी गरे।

उनले सहकारी प्रकरणमा मान्छे समात्नमा मात्रै सरकार केन्द्रित भएको भन्दै पीडितलाई राहत दिनतर्फ नलागेको आरोप लगाए। उनले सरकारको ध्यान नगएपछि पीडितहरू सडकमा धेरै निस्कन थालिसकेको बताए।

नेता कोइरालाले भने, 'दुई तिहाइको शक्तिशाली सरकार छ, हामीले अझै टाइट गरेर अगाडि बढ्न सकेनौं भनेर अप्ठेरो स्थिति आउनसक्छ। त्यो कुरालाई हामीले मध्यनजर गरेर अघि बढ्नुपर्छ। यो सरकारलाई असफल हुने छुट पनि छैन।'

# हरेक पालिकालाई विपद्सम्बन्धी न्यूनतम मापदण्डअनुसार सक्षम बनाइने

**काठमाडौं/मस–** सरकारले हरेक पालिकालाई विपद् जोखिम न्यूनीकरणका हिसाबले व्यवस्थित र सक्षम बनाउने भएको छ। गृह मन्त्रालय मातहत रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले त्यस्ता स्थानीय तहलाई विपद् उद्धारमा सक्षम बनाउन आवश्यक सामग्री उपलब्ध गराइ सहयोग गर्ने प्राधिकरणका सहसचिव डा. भीष्मकुमार भुसाल बताए।

उनले विपद् व्यवस्थापनका दृष्टिले पालिकामा न्यूनतम मापदण्ड पुऱ्याउने गरी आवश्यक तयारी थालिएको जानकारी दिए।

उनले भने, 'कतै सामानहरू अपर्याप्त त कतै सामान धेरै थुप्रिएको पाइयो, अब सबै क्षेत्रको तथ्यांक लिएर न्यूनतम मापदण्ड नपुगेका पालिकाहरूमा विपद् व्यवस्थापनसम्बन्धीका सामान पुऱ्याउने तयारी थालेका छौं।'

प्राधिकरणको नेतृत्वमा हालै पश्चिम नेपालमा गरिएको एक अध्ययनले स्थानीय तहमा विपद् व्यवस्थापन कार्य संस्थागत हुन नसकको औँल्याएको थियो। त्यसलाई सम्बोधन गर्न प्राधिकरणले तयारी थालेको हो। कम्तीमा विपद् उद्धारका न्यूनतम सामग्री टेन्ट, त्रिपाल तथा आवश्यक खाद्यान्न, सुरक्षित स्थान, 'रेष्पोन्स टिम'लगायत व्यवस्था हुनुपर्ने हुन्छ। उक्त प्रतिवेदनले स्थानीय तहलाई विपद् व्यवस्थापनमा थप प्रभावकारी बनाउन स्रोतसाधन, दक्ष जनशक्ति बढाउनुपर्ने आवश्यकता औँल्याएको छ।

आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य लेखाजोखा अध्ययनमा विपद् व्यवस्थापन कति संस्थागत भएको छ कि छैन भनेर हेरिएको थियो। यसले स्थानीय तहमा विपद् व्यवस्थापन संस्थागत हुन नसकेको, केही स्थानीय तहबाहेक धेरै विपद्को मापदण्डभन्दा तल रहेको पाइएको प्राधिकरणका नीति योजना तथा अनुगमन महाशाखा प्रमुख सहसचिव रामबन्धु सुवेदीले बताए।

उनले ठूलो विपद् भएको अवस्थामा स्थानीय तहले 'रेस्पोन्स' गर्न नसक्ने अवस्था देखिएको जानकारी दिँदै सबै हिसाबले क्षमता विकास गर्न आवश्यक देखिएको बताए। कम्तीमा पालिकालाई विपद् व्यवस्थापनका हिसाबले न्यूनतम मापदण्डमा पुऱ्याउने र विपद्को पूर्वतयारी तथा प्रतिकार्यका लागि सक्षम बनाउन जरुरी रहेको प्राधिकरणको निष्कर्ष छ।

यसैगरी अध्ययनले विपद् व्यवस्थापन कोषको रकम प्रशासनिकलगायत काममा बढी खर्च हुने गरेको र प्रतिकार्यका लागि उपकरण र दक्ष जनशक्तिको अभाव रहेको देखाएको छ।

प्राधिकरणको नेतृत्वमा विभिन्न सहयोगी सङ्घसंस्थाको सहभागितामा भूकम्पको पूर्वतयारी, प्रतिकार्य र सिकाइको विषयमा केन्द्रित भएर उक्त अध्ययन गरिएको थियो। सुदुरपपश्चिमको डोटी, बझाङ, बाजुरा, रुकुम पश्चिम र जाजरकोट गरी पाँच जिल्लाका २८ वटा पालिकामा अध्ययन गरिएको प्राधिकरणले जनाएको छ।

## टोखामा ३०औं हप्ताको विष्णुमती सफाइ सम्पन्न



**सुशान्त न्यौपाने/मध्यान्ह**
काठमाडौं, ६ पुस

टोखामा शनिबार ३० औं हप्ताको विष्णुमती सफाइ अभियान सम्पन्न भएको छ। टोखाको ग्राण्डी टावरदेखि उत्तरतिरको विष्णुमती करिडोरमा शनिबार बिहान ७ बजेदेखि ९ बजेसम्म सफाइ कार्यक्रम सञ्चालन गरिएको थियो। सफाइ कार्यक्रम टोखा वडा नं. ३ र ६ को भागमा गरिएको थियो। कार्यक्रममा वडाका जनप्रतिनिधिहरू, नगर प्रहरी, सामाजिक अभियन्ता, लायन्स क्लव, भूतपूर्व नेपाल प्रहरी संगठन, सामाजिक अभियान्ताहरु र सरसफाइकर्मीहरुको बाक्लो सहभागिता रहेको थियो।

**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

★ Documentation - 3 (Male/ Female)
★ Public Relation Officer (PRO) - 3 (Male/ Female)
★ Manager - 3 (Male/ Female)

Salary Negotiable

**Requirements:**
★ Should have minimum 3 to 5 years experience in related fields and should know MS office, Photoshop and email internet.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at* suraj.ambeint@gmail.com

AMBE INTERNATIONAL H.R. NEPAL PVT. LTD.
Govt. Lic. No.: 1645/080/081
Samakhushi, Kathmandu, Nepal, Phone : +977 01 5904717

**साउदीमा रोजगार**

कम्पनी: TALAL AL-FAJR FOR GENERAL CONTRACTING
पूर्व स्वीकृत मिति: २०८१/०९/०५
चलानी नं.: ६०२३००१७
शहर: Saudi Arabia
L.T. No.: 315801

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Cleaner | 5 | 0 | स. काममा दक्ष | 1000 | ३६,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १४ गते (29 December 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

अन्जुलिमा इन्टरनेशनल प्रा. लि.
ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

*"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"*

## हल्दीबारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**जलथल, झापा**
**कोशी प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

**प्रकाशित मिति :- २०८१।०९।०७**

यस गाउँपालिकाबाट प्रकाशित तपशिल बमोजिमको बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार E-Procurement Portal मा दर्ता हुन आएको बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्याङ्किनमा निम्न अनुसारको बोलपत्रदाताहरु प्राविधिक प्रस्तावका शर्तहरु पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८१/०९/१४ गते बिहान ११:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ को उपनियम (५) तथा (६) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

निम्न

| क्र. स. | ठेक्का नं | योजनाको नाम | प्राविधिक प्रस्तावमा सफल हुने बोलपत्रदाताहरुको विवरण |
|---|---|---|---|
| 1. | HRM/WORKS/ ROAD/NCB/ 05-081/082, | Construction Of Blacktopped Road From Ward no 1 to Dhanusha Aadharbhut Bidhyalaya (Ch 1+378 to 3+686) at Haldibari Rural Municipality | 1. Siddhithumka Nirman Sewa Pvt. Ltd, Suryodaya-8, Illam<br>2. SHREE JAY SAMBHU KARKI J.V, illam-9, Illam<br>3. Bir Nirman - Dixil Nirman Sewa j/v, Haldibari-3, Jhapaw<br>4. Parbati Ambika / Global / Bhimeshwor JV, Kankai-3, Jhapa<br>5. EVERGREEN-KANCHAN J. V., Birtamode<br>6. JAYALAXMI HENA-KEY JOINT VENTURE, Jhapa Damak |

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

७ पुस २०८१, आइतबार
22 December 2024, Sunday

## सम्पादकीय

# एनपीएलको सन्देश

नेपाल प्रिमियर लिग (एनपीएल)को उपाधि जनकपुर बोल्ट्सले जितेको छ । सुदूरपश्चिम रोयल्सलाई हराएर जनकपुरले नेपालको इतिहासमै ठूलो पुरस्कार राशि (१ करोड १० लाख)सहित सिंगो देशकै ध्यान तान्न सफल भएको छ । बधाई भन्नेहरू र लेख्नेहरूको संख्याले एनपीएलको आयतन मापन गर्न सकिन्छ । पुरस्कार वितरण गर्न नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' त्रिवि मैदान कीर्तिपुर पुगेका थिए । कीर्तिपुर मैदान पुगेका अरू भीआईपी र ३२ वटै खेल हेर्न टिकट लिएका दर्शकहरूको संख्याले एनपीएल नेपालकै ठूलो प्रतियोगिता बनेको पुष्टि भइसकेको छ । उसो त प्रतियोगिता आरम्भ हुनुअघि नै एनपीएल नेपालको खेल इतिहासमै भव्य हुने संकेत मिलिसकेको थियो ।

एनपीएलका ८ वटै टिम डेढ करोडभन्दा माथि मूल्यमा विक्री भएका थिए । राष्ट्रिय टिमका सिनियर ८ खेलाडीलाई २० लाख मूल्य दिएर मार्की प्लेयर चुनिएको थियो । चलेका क्रिकेटरहरू अक्सनमार्फत १५ लाखसम्म खर्चिएर टिममा अनुबन्ध गरिएको थियो । टिममा अनुबन्धित हुने क्रिकेटरको न्यूनतम मूल्य नै ३ लाख थियो । सबै टिम गरेर ४० जनाभन्दा बढी विदेशी क्रिकेटर ल्याइएको थियो । प्लेइङ एघारमा ४ जना अनिवार्य विदेशी राख्नुपर्ने व्यवस्था गरिएको थियो । विदेशी क्रिकेटरहरूमध्ये धेरैसँग टेस्ट खेलिसकेको अनुभव थियो । विश्व स्टार शिखर धवन, मार्टिन गुप्टिल, जेम्स निसम जस्ता क्रिकेटर एनपीएल खेल्न नेपाल आएका थिए । खेल चलिरहँदा विश्व कीर्तिमानी क्रिकेटर ब्रायन लारा कीर्तिपुर आइपुगे ।

यसरी एनपीएल सकिँदै गर्दा यो प्रतियोगिता नेपालकै एउटा ठूलो पर्व बन्न पुग्यो । अनुमानित आर्थिक कारोबार नै १ अर्ब बराबर छ । आर्थिक कारोबारसँगै देशभित्र र बाहिर यसले कमाएको चर्चा अझ अर्थपूर्ण छ । अन्तर्राष्ट्रिय आमसंचार माध्यममार्फत प्रत्यक्ष प्रसारण भएकाले पनि एनपीएलको व्यापकता थप फराकिलो बन्यो । संसारभरका क्रिकेटप्रेमीहरूले नेपाल र नेपाली चिने । नेपालभित्रै पनि सामूहिक (टिम) भावनाको संस्कृतिलाई बलियो बनाउन मद्दत पुग्यो । मुख्यगरी देशभित्र हरेक क्षेत्र सुस्ताएको अथवा नकारात्मक सूचक रहेको भन्ने सन्देशमा अपवाद घटना बन्न पुगेको छ एनपीएल । यसले नेपाली युवाहरूमा आशा जागृत गरेको छ । अब एनपीएललाई दिगो बनाउनुपर्ने दायित्व राज्यले पनि लिनुपर्छ । नेपाल क्रिकेट संघ (क्यान)ले लिएको पहलकदमीलाई मद्दत पुग्नेगरी क्रिकेटको क्षेत्रमा भौतिक पूर्वाधार र खेलाडीहरूको भविष्य सुनिश्चित हुनेगरी नीतिगत काम गरिनुपर्छ । नेपाली क्रिकेटको जय होस् ।

# 'जनयुद्ध'को समाजशास्त्र

जुन बेला माओवादीले 'जनयुद्ध'को कार्यदिशालाई बदलेर गोलमेच सम्मेलन, संविधानसभा जस्ता शान्तिपूर्ण नारा तय गऱ्यो त्यति बेला नै व्यावहारिक रूपमा माओवादी आन्दोलनको विघटन र विसर्जन भएको थियो । अहिलेको परिस्थिति क्रान्तिकारी शिथिल भएको र परिवर्तनविरोधी सक्रिय भएको अवस्था हो, जुन परिस्थितिमा क्रान्तिकारीहरूले धक्का बेहोर्ने कुरा स्वाभाविक छ ।

अग्रलेख



● राजन तिमिल्सिना


नेपालमा १ फागुन २०५२ मा 'विद्रोह गर्नु जनताको अधिकार हो' भन्ने नाराका साथ तत्कालीन नेकपा (माओवादी)को नेतृत्वमा सशस्त्र आन्दोलन जनयुद्ध'को उद्घोष भएको थियो । तत्कालीन राज्यसत्तामाथि धावा बोल्दै श्रमजीवी वर्गको राज्यसत्ता ल्याउने सपनासहित उक्त युद्धको घोषणा गरिएको थियो ।

'जनयुद्ध' लडेका शक्तिहरूले माओवादलाई आफ्नो जीवन दर्शन बुझेका छन् । आजको दिनमा पनि उक्त 'जनयुद्ध'को ऐतिहासिक र दूरगामी महत्त्व घटेको छैन ।

नेकपा (माओवादी)ले दीर्घकालीन 'जनयुद्ध'को बाटोबाट नेपालको संसदीय व्यवस्थासहितको राजतन्त्रात्मक व्यवस्थालाई हटाएर जनताको जनवादी व्यवस्था ल्याउने सपना देखाएको थियो । त्यससमा हजारौं क्रान्तिकारीहरूले जीवनका ऊर्जाशील समय देश, जनता, स्वतन्त्रता, मुक्ति र परिवर्तनप्रति गौरवपूर्ण रूपमा समर्पण गरेका थिए ।

जुन ढंगको दुःख, कष्ट, त्याग, समर्पण, वीरता, बलिदानी र गौरवपूर्ण इतिहास रच्ने अवसर थियो, अर्को पुस्ताले यस्तो अवसर सायदै पाउने छ ।

'जनयुद्ध'को सुरुवातको दिन माओवादीसँग सीमित कार्यकर्ता, नगण्य मात्रामा साधन, स्रोत र सीमित हतियार थिए । घरेलु हतियारहरू लाठी, खुकुरी र केही भरुवा बन्दुकबाट छापामार युद्ध सुरु भएको थियो । त्यही हतियारबाट तत्कालीन राज्य सत्तालाई चुनौती खडा गर्ने शक्ति माओवादी विकास भएको थियो ।



माओवादीले एकातिर आफूलाई सशस्त्र रूपमा सम्पन्न बनाउँदै लगेको थियो भने अर्कातिर वैचारिक र राजनीतिक रूपमा पनि बलियो बनाउँदै लगेको थियो । माओवादी सशस्त्र आन्दोलनले नेपाली राजनीतिक र सैन्य क्षेत्रमा ठूलो हलचल पैदा गरेको थियो । 'जनयुद्ध'का क्रममा माओवादीका तर्फबाट भएका गतिविधि नेपाली वर्ग संघर्षको इतिहासमा उच्च महत्त्व राख्ने खालका छन् ।

माओवादी शक्तिको विकास जनताको आशा र भरोसासँगै भएको थियो । जब राज्यसत्ताले जनतामाथि चरम दमन गऱ्यो, जनताका अधिकार खोस्यो, तब जनतामा सत्ताप्रति आक्रोश र वितृष्णा बढ्यो । त्यसले माओवादी शक्तिप्रति आशा, भरोसा र विश्वास बढाउने अवस्थाको विकास गऱ्यो ।

सुरुवातमा पश्चिम क्षेत्रमा पकड भएको जनाधार क्रमशः देशव्यापी बन्न पुग्यो । सरकारले माओवादीले उठाएका मुद्दालाई बेवास्ता गर्दै सेनाको समेत जब चरम दुरुपयोग गऱ्यो, त्यो नै 'जनयुद्ध'लाई उत्कर्षमा पुऱ्याउने कारक बन्यो ।

माओवादी 'जनयुद्ध'लाई जनताको बीचमा सर्वस्वीकार्य बनाउने अर्को घटना राजा वीरेन्द्र शाहको वंशनासको विषय पनि थियो, जसले तत्कालीन राज्यसत्तामाथि जनतामा चरम आक्रोश मात्रै पैदा गरेन, विकल्प खोज्ने स्थितिमा समेत लग्यो । सायद, नेपालमा छिटो नामको व्यवस्था परिवर्तन हुनु र संसद्वादी दलहरू सडकमा निस्कनुपर्ने अवस्था पनि यही मेसोमा भएको थियो । वीरेन्द्रको वंश नाश नभएको भए, ज्ञानेन्द्रमा 'कू' सोचले डेरा नजमाएको भए, नेपालमा सहजै राजसंस्थाको अन्त्य हुने थिएन । व्यवस्थासमेत फेरिने अवस्था थिएन । यसले जनतामा राज्यसत्ताप्रति चरम वितृष्णा र आक्रोश पैदा गराएको थियो, जुन माओवादी 'जनयुद्ध'लाई अगाडि बढाउन पनि भूमिका खेल्यो ।

यद्यपि, यहीबीच माओवादी आन्दोलनभित्रै पनि तीव्र अन्तर्विरोध पैदा हुन पुग्यो । चुनवाङ बैठकले 'जनयुद्ध'को कार्यदिशालाई बदलेर गोलमेच सम्मेलन, संविधानसभा जस्ता शान्तिपूर्ण नारा तय गर्न पुग्यो । माओवादीभित्रको अन्तर्विरोध र पुरानो सत्ताको संकटले माओवादी र संसद्वादी शक्तिबीचमा ७ बुँदे (रोल्पा) सहमति र पछिल्लो पटक १२ बुँदे सहमति गर्ने वातावरण बन्न पुग्यो ।

यही सहमतिपछि आएर माओवादी आन्दोलनको विघटन र विसर्जनको व्यावहारिक कडी बन्न पुग्यो । अन्ततः माओवादी आन्दोलन सम्पूर्ण रूपले विसर्जित भयो ।

आज सत्ता पूर्ण रूपले संसद्वादीहरूको पोल्टामा पुग्यो, संसद्वादीहरूको पल्ला भारी भयो । सामन्तवादको प्रतिनिधि राजतन्त्रको अन्त्य त भयो तर 'जनयुद्ध'को आधारभूत कार्यभार पूरा हुन सकेन । माओवादी आन्दोलनमा फुट र विभाजनसँगै क्षयीकरण भयो ।

'जनयुद्ध' उत्पीडकहरू, महिलाहरू, मजदुर, किसान, जनजाति, मधेशीहरू, दलित, मुस्लिमहरूले आफ्नो आवाज बुलन्द गरेको ऐतिहासिक थियो । 'जनयुद्ध'ले २००७ सालदेखि अधुरा रहेका जनताका सपना संविधानसभामार्फत नयाँ संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको रूपमा पूरा गर्ने कोसिस भए पनि आंशिक रूपमा केही उपलब्धि भए ।

'जनयुद्ध' यो युगकै सबैभन्दा चलायमान जनताद्वारा गरिएको नेपाली समाजलाई उथलपुथल पार्ने एउटा सचेत जनविद्रोह थियो, जसले नेपाली समाजमा रहेको सामन्तवाद र त्यसको जरो-किलो उखेलिदियो भने नेपाली जनताले आफ्नो संविधान आफैं लेख्न वातावरण सिर्जना गऱ्यो ।

तर, त्यो संविधान जनपक्षीय हुन सकेन । राजतन्त्रको अन्त्य भई नेपाली जनताले साँच्चिकै सार्वभौम भएको महसुस गर्न पाए पनि जनताको जीवनस्तर बदलिन सकेन । आज आन्तरिक तथा बाह्य प्रतिगमनकारी शक्तिहरूले रजगज गर्ने अवस्था बन्दै गर्दा 'जनयुद्ध'को ऐतिहासिकता, महत्त्व र सान्दर्भिकता झन् बढी उँचो बन्दै गइरहेको छ ।

नेपालमा जनवाद, समाजवाद र साम्यवादसम्म पुग्ने उद्देश्यसहित सुरु भएको 'जनयुद्ध'ले आफ्नो गन्तव्यमा नपुग्दै बीचमा नै 'ब्रेक' लाग्न पुग्यो । हाल माओवादी आन्दोलन फुट र विभाजन भई संसद्वादी र क्रान्तिकारी कित्ता बनेको छ । क्रान्तिलाई निरन्तरता दिन केही कोसिस भए पनि त्यसले गति लिन सकेको छैन । सही विचार, कार्यदिशा र कार्यक्रमबिना 'जनयुद्ध'को बाँकी कार्यभार पूरा हुन सक्ने छैन ।

आज परिवर्तनविरोधी कित्ताका शक्तिले 'जनयुद्ध' शब्दको विरुद्ध गरिरहेको षडयन्त्रको स्थितिमा महान शहीद, बेपत्ता, घाइते, अपांग योद्धाहरूको गहिरो स्मरण भएको छ । उनीहरूको सपना साकार नपारी साँच्चिकैको व्यवस्था ल्याउन सकिन्नँ । अन्तिम फैसला भनेको जनताबाटै हुने छ ।

> 'जनयुद्ध' उत्पीडित वर्ग, समुदाय, लिंगलगायतले आफ्नो आवाज बुलन्द गरेको ऐतिहासिक दिन थियो । 'जनयुद्ध' नेपाली इतिहासमा सबैभन्दा चलायमान जनताद्वारा गरिएको उथलपुथल पार्ने एउटा सचेत जनविद्रोह थियो

## इतिहासमा आज

२२ डिसेम्बर २००७ मा फ्रेन्च गुआनाको गौस अन्तरिक्ष केन्द्रबाट प्रक्षेपण गरिएको युरोपको एरियन रकेटले अन्तरिक्ष कक्षमा २ उपग्रह स्थापित गरेको थियो ।



२२ डिसेम्बर १९६६ मा 'जेएनयू अधिनियम'अन्तर्गत भारतीय संसद्द्वारा जवाहरलाल नेहरु विश्वविद्यालयको स्थापना नयाँ दिल्लीमा भएको थियो ।



२२ डिसेम्बर १८८२ मा थोमस एल्भा एडिसनद्वारा बनाइएको बल्बबाट पहिलो पटक क्रिसमस ट्री सजाइएको थियो ।



२२ डिसेम्बर १९७५ मा भारतीय चलचित्रका प्रसिद्ध संगीतकार वसन्त देसाईको निधन भएको थियो ।



## सामाजिक सञ्जाल



**रामेश कुमार**

बिजुली उति हो, घट्ने बढ्ने होइन । तर, कुलमानलाई हटाएर अर्को ल्याउँदा नागरिकका घर अँध्यारो हुने जोखिमचाहिँ छ । कुलमानले गरेको एउटै काम थियो- मिलेमतोमा उद्योगमा जाने बिजुली काटेर सर्वसाधारणका घर उज्यालो बनाइदिनु । नयाँ नेतृत्वले उद्योगमा बिजुली दिन हाम्रा घर अँध्यारो पारिदिन सक्छन् ।



**गोविन्दराज पोखरेल**

सामाजिक संजालमा राजस्व उठेन, लगानी भएन, सरकारहरूले फजुल खर्च बढाए, सुशासन कमजोर भयो, कर्मचारी युनियन खारेज गरौं, सेवा प्रवाह सुधारौं, सुकर्म गरेर सम्पत्ति जोडेर कर तिर्नेलाई सम्मान गरौं, प्लास्टिक जताततै नफ्याँकौं । यस्ता कुरा किन उठ्दैन ? खाली हनुमानगिरी गरेका ट्वीट हेर्दा हेर्दा दिक्क !



**सेतेमान तामाङ**

जनमतलाई स्वीकार गर्नु लोकतन्त्रको सुन्दरता हो, अपमान गर्नु, अलोकतान्त्रिक मात्र नभई अराजकता हो । प्रतिस्पर्धीलाई सम्मान र फरक मतलाई स्थान दिन सकेन भने राजनीतिक संस्कारको हत्या हुन पुग्छ । राजनीतिक संस्कारको हत्या भए देश र समाजमा षडचन्त्रकारीहरूको वर्चस्वले कुरुक्षेत्र बनाउँछ ।



**रञ्जित तामाङ**

बहर गोरुलाई छाता देखाए जसरी अदालतले माओवादीलाई बेलाबेलामा बिच्काउँछ । कहिलेकाहीं द्वन्द्वकालीन मुद्दा उचालेर बाबुराम, प्रचण्ड, वैद्य, विप्लवलाई एक ठाउँमा उभ्याइदिन्छ । १० तिर थुतुनो फर्काएका माओवादीहरू एकै ठाउँमा उभिनुमा अदालतको योगदान छ । फोकटमै कमरेडहरू हान्ने राँगो जस्ता हुन्छन् ।

# 'जनयुद्ध' शब्दको बहस र अदालत

विचार



● नारायण गाउँले

'जनयुद्ध' शब्द प्रयोग नगर्न सर्वोच्चले दिएको आदेश स्वाभाविक छ । यो फैसलालाई लिएर न्यायालय र न्यायाधीशमाथि व्यक्तिगत आक्रमण र गाली गलौजमा उत्रिनु जरुरी छैन ।

माओवादी सशस्त्र विद्रोह राजनीतिक विषय हो । कुनै कानुन, नियम र विनियम टेकेर भएको आन्दोलन होइन । तत्कालीन कानुन र संविधानलाई नै चुनौती दिँदै भएको विद्रोह हो । राजनीतिक विद्रोह भएकाले नै १७ हजार बढीको ज्यान र हजारौं नागरिक बेपत्ता हुँदा पनि विद्रोही या सरकारी पक्षलाई ज्यान मुद्दा नलागेको हो । वैयक्तिक सम्पत्ति, जग्गा, टेलिफोन टावर, बैंकदेखि सरकारी संरचनामाथि भएको आक्रमण र लुटपाट त्यही विद्रोहको अंशका रूपमा क्षम्य भएको हो । 'संक्रमणकालीन न्याय' भनेर त्यतिबेलाका लागि मात्रै भनेर कानुन नै अलग बनाउनुपर्ने र छुट दिनुपर्ने अवस्था छ ।

आज तपाईं या मैले कसैको जग्गामा झन्डा गाड्ने हो भने कारबाही हुन्छ । टेलिफोन टावरमा बम हान्ने हो भने जेल जानुपर्छ । प्रचण्ड नै प्रधानमन्त्री भए पनि सुराकी भनेर कासैको अपहरण या हत्या गरियो भने कानुन लाग्छ । कुनै मृत्युको जिम्मा लिइयो भने जेल जानुपर्छ किनकि हाम्रो कर्म राजनीतिक विद्रोह नभएर अपराध मात्रै हुन्छ । युद्धभित्र अनेक अपराध र विकृति हुन्छन् । माओवादी युद्धभित्र पनि थियो । तर, त्यो राजनीतिक उद्देश्य प्राप्तिका लागि सुरु गरिएको विद्रोह थियो, राजनीतिक युद्ध थियो । राणा शासनविरुद्ध कांग्रेसले गरेको सशस्त्र युद्ध पनि राजनीतिक विद्रोह थियो ।

> राजनीतिक विषयको निरूपण राजनीतिक तहबाटै हुने हो । त्यो विद्रोहको शीर्षक 'जनयुद्ध' रहने कि नरहने भन्ने निर्क्योल न्यायालयले गर्ने होइन, दलहरूले गर्ने हो । यद्यपि, दलहरूले ७-८ वर्ष लगाएर संविधान निर्माण गर्दै त्यो शब्दलाई अस्वीकृत गरेको सत्य हो । माओवादीले नै बनाएको संविधानमा त्यो शब्द छैन

माओवादी युद्धले सामाजिक, साँस्कृतिक र राजनीतिक परिवर्तनहरू ल्याएको पनि सत्य हो । साधनका रूपमा त्यति धेरै हिंसा जरुरी थियो कि थिएन भनेर बहस हुन सक्छ, केहीलाई शासन व्यवस्था नै मन नपर्न पनि सक्छ । तर, खासगरी दलित, अल्पसंख्यक र पिछडिएको वर्गलाई उत्थान गर्न र राजनीतिक मूलधारमा ल्याउन त्यो विद्रोहले खेलेको भूमिकालाई अवमूल्यन गर्न मिल्दैन ।

विगत २० वर्षयता माओवादीकै एजेन्डा र बहुमत नेतृत्वमा मुलुक हिँडेको सत्य हो । कहाँ पुगियो त भन्ने बहस अर्को हो । तर, आजको व्यवस्थामा उसको स्वामित्व अरूको भन्दा बढी भएको सत्य हो ।

राजनीतिक विषयको निरूपण राजनीतिक तहबाटै हुने हो । त्यो विद्रोहको शीर्षक 'जनयुद्ध' रहने कि नरहने भन्ने निर्क्योल न्यायालयले गर्ने होइन, दलहरूले गर्ने हो । यद्यपि, दलहरूले ७-८ वर्ष लगाएर संविधान निर्माण गर्दै त्यो शब्दलाई अस्वीकृत गरेको सत्य हो । त्यो युद्धकै परिणाम स्वरूप जन्मिएको संविधानसभा र त्यसले लेखेको संविधानमा 'जनयुद्ध' छैन । माओवादीले नै बनाएको संविधानमा त्यो शब्द छैन । गाली गर्ने त्यो संविधान लेख्नेहरूलाई हो ।

राजनीतिक रूपमा निरूपण र संविधानमै स्पष्ट उल्लेख भएको विषयमा अदालतले आफूखुसी निर्णय सुनाउन सक्दैन । उसले टेक्ने त संविधान नै हो । यो बद्नियतले आएको फैसला होइन । प्रचण्ड, बाबुराम र बादलले लेख्न नसकेको शब्द अदालतले लेख्ने कुरो हुँदैन ।

आज एमाले र केपी शर्मा ओली भनेर माओवादीले प्रचार गरेकी न्यायाधीश सपना मल्ल प्रधान उनै हुन्, जसले ओलीको संसद् विघटनविरुद्ध प्रचण्डलाई जिताइदिएकी थिइन् । त्यतिबेला न्याय भएको माओवादी र कांग्रेसलाई लागेको थियो ।

अवस्था बदलियो तर त्यो फैसलाले केपी शर्मा ओलीको राजनीतिक जीवन सकिने आँकलन थियो । राष्ट्रपति र प्रधानमन्त्री एक भएको त्यस्तो समयमा एमालेकै कोटाबाट न्यायाधीश बनेकाहरूले समेत संवैधानिक व्यवस्थाअनुसार नै फैसला गरेका थिए ।

यो फैसला पनि संविधानको शब्द टेकेर भएको छ । यो व्यवस्था नै दलीय हो । विद्यार्थीदेखि दल छन् । माओवादीको पनि छ । न्यायाधीश उसका पनि छन् । तर, के तिनले माओवादी मात्रै हेर्छन् ?

त्यो विद्रोहका सन्दर्भमा औपचारिक रूपमा 'जनयुद्ध' शब्द सरकारी तवरमा प्रयोग गर्न रोक लागेको हो, एकरूपताका लागि । पार्टी र जनताले प्रयोग गर्न सक्छन् । भोलि दुई तिहाइ बहुमत आयो र संविधान संशोधन भयो भने त्यहाँ पनि प्रयोग हुन सक्छ । आफ्नो पक्षमा फैसला आए मात्रै न्यायालय राम्रो र नआए बिकाउ भनेर सस्तो भाषण गर्ने तुच्छ बानी छाड्न जरुरी छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# संगठन विस्तार गर्दै अन्तर्राष्ट्रिय नेपाली समाज कतार



**दोहा, कतार/मस-** डाक्टर बाबुराम भट्टराई समर्थक भ्रातृ संगठन अन्तर्राष्ट्रिय नेपाली समाज कतारले संगठन विस्तारलाई तीव्रता दिएको छ । शुक्रबार कतारको औधोगिक क्षेत्रमा अन्तर्राष्ट्रिय नेपाली समाज कतारका अध्यक्ष राजाराम साहीको नेतृत्वमा भएको भेलाले दुई शाखा उप-समुह सनैया 'क' र 'ख' गठन गरेको हो । अध्यक्ष साहीले नेपालको तरल राजनीति र डाक्टर भट्टराईकै गृह जिल्ला गोरखामा स्थानीय उपनिर्वाचनले दिएको मत परिणामले गर्दा संगठन विस्तारको कार्यलाई स्वदेश र विदेशमा संगठनलाई अझै मजबुत बनाउँदै विस्तार कार्यलाई जोड दिनुपर्ने भएकाले उक्त कार्यको थालनी गरिएको मध्यान्हलाई बताए । समाजले दुई उप-शाखामा गरी झन्डै ५० भन्दा बढी अस्थावान पार्टी समर्थकलाई संगठनमा आबद्धता गरेको छ । औधोगिक क्षेत्र 'क'मा सरोज कुमार महतोको नेतृत्वमा इकाइ 'क' र रुद्र बहादुर कटुवालको नेतृत्वमा सनैया औधोगिक क्षेत्र इकाइ 'ख' गठन गरेको हो ।

अन्तर्राष्ट्रिय नेपाली समाज कतारले दोहाको सिंगो नेपाली समाजभित्रको बेथिति र श्रमिकको हकहितमा बोल्दै, दुःख र अन्यायमा परेकाहरुको सहयोगीको भूमिकामा काम गर्दै आएको छ। दोहामा पछिल्लो समय राहादानी नवीकरणका लागि श्रमिकहरुले स्लट नपाइरहेको अवस्थामा श्रमिकहरुले झन्झट, सास्ती खेप्नुपरेको नमिठो यथार्थलाई संगठनका प्रवक्ता ध्रुव क्षेत्रीले राजदूतसमक्ष ध्यानाकर्षण गराएका छन् ।

# बारामा कारभित्र बेवारिसे शव फेला

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ६ पुस

बारा जिल्लाको आमाडार-रमौली सडक खण्डमा शनिवार बिहान कारभित्र एक पुरुषको शव फेला परेको छ । जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका ११ अन्तर्गत पर्ने सडक खण्डमा शनिवार बिहान कारभित्र एक अज्ञात पुरुषको शव फेला परेको हो ।

बागमती प्रदेश ०१-०२८ च ७६१६ नम्बरको कारभित्र भेटिएको शवको टाउकोमा चोट देखिएको प्रहरीले जनाएको छ । मृतक पुरुषको पहिचान भने खुल्न सकेको छैन । स्थानीयवासीले मृतकको टाउकोमा गोली लागेको दाबी गरेका छन् । तर घटनाबारे



आधिकारिक पुष्टि नभएको प्रहरीले बताएको छ । प्रहरीका अनुसार घटनाबारे अनुसन्धान कार्य सुरु भएको छ । शवलाई पोस्टमार्टमका लागि अस्पताल पठाइएको प्रहरीले बताएको छ ।

# श्रवण शक्ति कमजोर भएका जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ६ पुस

लुम्बिनी प्रदेशमै पहिलो पटक अर्घाखाँचीको पाणिनी गाउँपालिकामा विपन्न जेष्ठ नागरिकका लागि श्रवण शक्ति परीक्षण शिविर सम्पन्न भएको छ । कानले सुन्न छाडेर चिन्तित बनेका वृद्धवृद्धाहरु गाउँमै उपचार शिविर सञ्चालन भएपछि खुशी भएका छन् ।

कान नसुन्ने वृद्धवृद्धा तथा विपन्न नागरिकलाई लक्षित गरी श्रवण शक्ति परीक्षण शिविर तथा हेयरिङ्ग मेसिन वितरण कार्यक्रम तथा अटिजमका बिरामीलाई निःशुल्क परामर्श सेवा सञ्चालन गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपानेले बताए ।

नाक, कान, घाँटी रोग विशेषज्ञ डाक्टर सुशन शाक्य, डाक्टर विद्वान भुसाल लगायतको स्वास्थ्यकर्मीको टीमले बिरामीको चेकजाँच गरेका थिए । शिविर कान नसुन्ने,




वृद्धवृद्धा र विपन्न नागरिकलाई लाभदायक रहेको र प्रत्यक्ष फाइदाजनक भएको गाउँपालिकाका अध्यक्ष टेकराज न्यौपानेले जानकारी दिए ।

पाणिनी गाउँपालिकाको सहयोगमा श्रवण हेयरिङ्ग एण्ड चाईल्ड केयर सेन्टरको आयोजनामा सञ्चालन गरिएको शिविरको एक कार्यक्रमकाबीच लुम्बिनी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री भूमीश्वर ढकालले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गरेका थिए ।

स्वास्थ्य शिविरले कानको श्रवण शक्ति गुमाएका वृद्धवृद्धाहरुलाई ठूलो सहयोग पुग्ने बताउँदै नागरिकलाई निरोगी र स्वस्थ बनाउन विभिन्न कार्यक्रमहरु प्रदेश सरकारले गर्दै आएको बताए ।

भौतिक पूर्वाधार विकास समितिका सभापति तथा प्रदेश सांसद रामजी प्रसाद घिमिरेले शिविरबाट फाइदा दिन सबैलाई आग्रह गर्दै यस्ता खालका जनताले प्रत्यक्ष लाभ पाउने कार्यक्रमहरु सञ्चालन गर्न सबै सरकारहरु लाग्नुपर्ने बताए ।

शिविरको उद्घाटन समारोहमा गाउँपालिकाका अध्यक्ष टेकराज न्यौपानेको अध्यक्षता, प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपानेको स्वागत मन्तव्य र राम प्रसाद घिमिरेको सञ्चालनमा सम्पन्न भएको हो । शिविरमा १ सय ९२ जना बिरामीको स्वास्थ्य परीक्षण गरिएकोमा ६० जना बिरामीलाई यन्त्र प्रयोग गर्न आवश्यक देखिएको र अन्य बिरामीको स्वास्थ्य परीक्षण गरिएको संस्थाका प्रमुख बिष्णु प्रसाद भुसालले बताए । श्रवण शक्ति कमजोर भएका जेष्ठ नागरिक विपन्न परिवारको कान घाँटीको परीक्षण गरी आवश्यक उपचारको व्यवस्था गाउँपालिकाले मिलाएपछि आफुहरुले उपचार गाउँमै पाउँदा खुसी लागेको पाणिनी २ का कृष्णप्रसाद गौतमले बताए ।

# खातुन भारतमा सम्मानित

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ६ पुस

कपिलवस्तुको कृष्णनगर नगरपालिका वडा नम्बर १ निवासी चर्चित मेकअप आर्टिस्ट शमा खातुन भारतको सिद्धार्थनगर नौगढमा आयोजित एक सेमिनारमा सम्मानित भएकी छन् ।

एकदिने मेकअप सेमिनारमा नेपाल र भारतका करिब १५० महिला सहभागी भएका थिए । कार्यक्रमको विशेष अतिथिको रूपमा आमन्त्रित खातुनले आफ्नो अनुभव र प्रतिभा प्रस्तुत गरेकी थिइन् । खातुन हाल कृष्णनगर नगरपालिका वडा नम्बर २ मा आफ्नो ब्यूटीपार्लर सञ्चालन गर्दै आइरहेकी छन् ।




व्यावसायिक सफलतासँगै उनले सामाजिक क्षेत्रमा पनि आफ्नो पहिचान बनाएकी छन् ।

उनी सम्मानित हुँदा उनका आफन्त, साथीभाई तथा शुभचिन्तकहरूले उनलाई बधाई दिँदै उज्ज्वल भविष्यको कामना गरेका छन् । खुशी शेख, प्रीति रञ्जना, मिताली वर्मा, अफरोज अहमद, गरिमा, राहुल मोदनवाल, रानी मोदनवाल, सलमान मिर्जा, सकील अहमद, रेनू गुप्ता लगायतले उनलाई बधाई दिएका थिए । शमा खातुनको यो उपलब्धिले नेपालमा महिला उद्यमशीलताको क्षेत्रमा नयाँ प्रेरणा थपेको छ ।

# ३ जिल्ला बौद्ध सर्किट र सिंगो प्रदेश लुम्बिनी सर्किटमा जोड्छौं: मुख्यमन्त्री आचार्य

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ६ पुस

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले पर्यटन क्षेत्रको विकासको लागि बौद्ध सर्किट र लुम्बिनी सर्किटको विकास गरिने बताएका छन् ।

रुपन्देहीको देवदहमा गौतमबुद्ध राष्ट्रिय उद्यान पार्क महोत्सवको शनिबार उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले रुपन्देही, कपिलवस्तु र पश्चिम नवलपर ासीलाई बौद्ध सर्किटमा जोड्ने र सिंगो प्रदेशका १२ जिल्लालाई लुम्बिनी सर्किटमा जोड्नेगरी सरकारले अवधारणा अघि सारेको बताए ।

प्रदेश सरकारले बृहत लुम्बिनी पर्यटन सर्किटको अवधारणालाई समेत प्राथमिकतामा राखेको छ । तीन जिल्लालाई बौद्ध सर्किट र सिंगो प्रदेशलाई लुम्बिनी सर्किटको आधारमा विकास गरिने मुख्यमन्त्री आचार्यले बताए । 'प्रदेश सरकारले बौद्ध सर्किटको गुरुयोजना बनाउछ । तिलौराकोट देखि नवलपरासीको रामग्राम सम्मका सम्पदाहरुलाई जोड्नेगरी पर्यटन पूर्वाधार निर्माण गरिन्छ'उनले भने,' लुम्बिनी आउने पर्यटकलाई एक अर्कासँग जोड्नेगरी यो अवधारणा हामिले अघि सारेका हौं । बृहत् रुपमा लुम्बिनी सर्किटको अवधारणा छ ।'

पर्यटकीय स्थलहरुलाई नवीतम रुपमा आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गर्नेगरी अघि बढाउन आवश्यक रहेको मुख्यमन्त्री आचार्यको दाबी छ । पार्कहरुमा सिमेन्टबाट बन्ने संरचनालाई निरुत्साहित गर्दै स्थानीय काठ तथा सामाग्रीको प्रयोग गरेर कलात्मक आकृति तथा पर्यटन पूर्वाधार निर्माण गरिनुपर्ने बताए । 'यहाँको पार्कमा जुन कलात्मक सृजना देखियो । अन्य पार्कहरुमा पनि यहाँको सिकाई हस्तान्तरण गर्न जरुरी छ । हाम्रा पार्कहरुमा संक्रिट मोह बढ्दै गएका छन् । त्यसलाई निरुत्साहित गर्न जरुरी छ'मुख्यमन्त्री आचार्यले भने, 'काठ र स्थानीय सामग्रीको प्रयोग गरेर आकृति बनाउन जरुरी छ । यसमा प्रदेश सरकारले पनि पहल लिन्छ ।'




प्रदेश सरकारले पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेर नीति निर्माण देखि कार्यक्रम तर्जुमा गरेर कार्यान्वयनमा लागेको मुख्यमन्त्री आचार्यले बताए । बर्दियमा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न घुम्न जाउँ बर्दिया अभियान सञ्चालन गरेको बताउँदै अब देवदहमा पनि आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षीत गर्न प्रचारप्रसार अभियानलाई तिब्र पार्न आह्वान गरे । 'देवदहमा पनि आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षीत गर्न जरुरी छ'उनले भने,'यसका लागि समुदायको सक्रियता, तपाईंहरुको सक्रियता बढ्न जरुरी छ ।' सामुदायिक वन क्षेत्रभित्र बुद्ध राष्ट्रिय उद्यान निर्माण हुँदा एउटा पर्यटकीय गन्तब्य बन्न सफल भएको समेत उनले बताए ।

बुद्ध सामुदायिक वन उपभोक्ता समुहले वन, वातावरण तथा जैविक विविधता संरक्षणका साथै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले काठबाट विभिन्न आकृति निर्माण गरेर प्रदर्शनीमा राखेको छ । ४९ हजार सात सय ५२ हेक्टर क्षेत्रफलमा फैलिएको सामुदायिक वन वि.सं. २०५६ सालमा स्थापना भएको थियो । २०६९ सालमा कार्ययोजना स्वीकृत भएर अघि बढेको सामुदायिक वनमा अहिले चार हजार ९ सय ९३ उपभोक्ता प्रत्येक्ष जोडिएका छन् ।

# क्रियाशील पत्रकार महिला बाँकेको अध्यक्षमा गिरी

**समिर शाही/मध्यान्ह**
बाँके, ६ पुस

क्रियाशील पत्रकार महिला 'डब्लु डब्लु जे' बाँकेले नयाँ कार्यसमिति पाएको छ । जसको अध्यक्षमा साबित्री गिरीलाई चयन गरिएको छ । क्रियाशिल पत्रकार महिला बाँकेका अध्यक्ष अमृता केसीको अध्यक्षता तथा लुम्बिनी प्रदेशका अध्यक्ष लिला शाहको प्रमुख आतिथ्यतामा आयोजित १२ औं साधारण सभा तथा छैठौं अधिवेशनले सर्वसम्मत रुपमा अध्यक्षमा गिरीलाई चयन गरेको हो ।

यसैगरी उपाध्यक्षमा बिमला चौधरी, सचिवमा अमृता जैशी(निशु),सहसचिवमा सुमित्रा चौधरी र कोषाध्यक्षमा सुमित्रा पण्डित रहेका छन् ।

यसैगरी सदस्यहरुमा सजल गैरे, सुनिता बर्मा, मन्जु रिजाल, साहिदा बानो, सरला बराल र सविता चन्द ठकुरी लगायत ११ सदस्यीय कार्यसमित चयन भएको डब्लु डब्लु जे बाँकेले जनाएको छ ।

क्रियाशिल पत्रकार महिलाको अधिवेशनमा निर्वतमान कोषाध्यक्ष निशु जोशीले प्रगति तथा आर्थिक




प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । कार्यक्रमका प्रमुख अतिथि शाहले पत्रकार महिलाको क्षमता विकासका लागि पहल गर्ने बताइन् । उनले आफूले जीवनको लामो समय पत्रकारिता क्षेत्रमा बिताएको अनुभव सुनाउँदै आगामी दिनमा नयाँ पुस्तासँग हातेमालो गर्न पाउने कुरामा खुसीव्यक्त गरिन् ।

कार्यक्रममा क्रियाशिल पत्रकार महिलालाई आर्थिक रुपमा सहयोग गर्ने संस्था तथा व्यक्तिहरुलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा मंसिर २८ गते सम्पन्न नेपाल पत्रकार महासंघको निर्वाचनबाट निर्वाचित संघ, प्रदेश र जिल्लाका पत्रकार महिला र केही पदाधिकारीलाई सम्मान गरिएको थियो । कार्यक्रममा क्रियाशिल पत्रकार महिला बाँकेका संस्थापक अध्यक्ष अक्षरी पोखरेल, नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष शुक्रऋषी चौलागाई, प्रदेश सचिव सरला सुवेदी, नेपाल पत्रकार महासंघ बाँकेका अध्यक्ष नविन गिरी, उपाध्यक्ष करुणा शाह, प्रेस युनियन बाँकेका अध्यक्ष प्रिया स्मृति ढकाल, सामुदायिक रेडियो प्रसारक संघ अकोराबका केन्द्रीय सदस्य आरिफ अन्सारी र संचारिका समुह लुम्बिनी प्रदेश उपाध्यक्ष रुपा गहतराज लगायतले शुभकामना दिएका थिए ।

क्रियाशिल पत्रकार महिलाले आगामी दिनमा पत्रकार तथा श्रमजिवी महिलाका सवालमा निरन्तर सन्डे क्लब गर्ने, फेलोसीप कार्यक्रम तथा तालिम सञ्चालन गर्ने र पत्रकार महिलाको हक हितका लागि विभिन्न कार्यक्रम गर्ने योजना अधिवेशनमा प्रस्तुत गरिएको थियो । यी योजनालाई अझै बृहत् बनाएर कार्यान्वयन गर्ने नवनिर्वाचित अध्यक्ष गिरीले बताइन् ।

**निक्षेप उपर हकदावी सम्वन्धी ३५ दिने सूचना**

यस विकास बैंकको, ईटहरी शाखा कार्यालयका खातावाला इश्वर मोहीनी मोहन सरकारकी छोरी, रबी चौधरीको श्रीमति सुनसरी जिल्ला, ईटहरी वडा नं. ०६ (ना. प्र. नं.०६३००५/३७) निवासी जुलि चौधरीको मिति २०८१/०७/१३ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस विकास बैंकमा रहेको निक्षेप खाताको रकम पाउँ भनी मृतकको श्रीमान रबी चौधरीले यस विकास बैंकमा निवेदन दिनुभएको हुंदा उक्त निक्षेप रकम उपर निज निवेदक वाहेक अग्र प्राथमिकताका आधारमा अन्य कोही कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित हकदावी गर्नुहुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो निक्षेप उपर हकदावीको सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदन माग वमोजिम भई जाने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
केन्द्रीय कार्यालय: सनराईज बिज पार्क, डिल्लीबजार, काठमाडौं
फोन नं.: ०१-४५१२२२२, ४५१२२२७
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मितिः २०८१/०९/०७

**मेची कोशी ढुवानी सेवा प्रा.लि.** को मिति २०८१/०५/१९ गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **विराट साझा कुरियर एण्ड लजिष्टिक्स प्रा.लि. (प्रा.लि. नं.: १७४५६२)** कायम गर्ने गरी मिति २०८१/०५/२० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**काठ दाउरा बिक्रि लिलाम सम्बन्धी २१ दिने सूचना**

प्रथम पटक प्रकाशित २०८१/९/७ गते

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा ४ मा रहेको यस सामुदायिक बन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०८०/२०८१ मा सकंलन भएर उत्पादन भै घाटगद्दी गरि राखिएको सालको २८८ गोलिया १४४८.४, क्यामुन ४ गोलिया २१.०३ क्यु फिट, अस्नाको १४ गोलिया १९१.६८ क्यु. फिट, हल्दुको ३० गोलिया ३६७.१८ जम्मा गोलिया ३३६ थान को २०२८.२९ क्यु. फिट काठ, सालको दाउरा २.५ चट्टा, मिश्रित दाउरा २ चट्टा सामुदायिक वनको घाटगदिमा मौज्दात रहेकाले सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, संघ र संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि सूचना यस सा.ब.उ.स.को कार्यलयमा सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री मेलघट्टी सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी नगरपालिका वडा-४, कैलाली**

**Saudi मा रोजगार** — **Dhahi Awad Murshid Al-Mutairi Trading Establishment**

पूर्व स्वीकृती मिति: २०८१/०९/०५ | चलानी नं.:६०२२९९७८ | LT No.: 315715

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Laoding & Unloading Worker | 1 | 0 | [illegible] | 1100 | ३८,८००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता : २०८१ पौष १४ गते (29 Dec., 2024) यस प्रा. लि. को कार्यालय महाराजगंज, काठमाडौंमा हुनेछ ।

AL-KARIM HUMAN RESOURCES PVT. LTD.
Maharajgunj, Chakrapath, Kathmandu Tel.:01-4521108, 4521056
Govt Lic.: 1181/073/74

## Invitation for Bids
## Bhakti Namuna Secondary School

**Date of first publication: 22 December, 2024**

1. ***Bhakti Namuna Secondary School*** invites sealed bids or electronic bids from Nepalese eligible bidders for below mentioned works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office **Bhakti Namuna Secondary School, Lamjung** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder have to submit their bid electronically by downloading the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp., should deposit NRs. 3000/- cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below:
   Name of the Bank: Nepal Bank Limited,Sundarbazar Branch,Lamjung.
   Name of Office: Bhakti Namuna Secondary School Office Account no.: 15300106631056000001
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on **21 January *2025.*** Bids received after this deadline will be rejected.
5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at **21 January *2025 13:00*** at the office of **Bhakti Namuna Secondary School**.

| SN | Contract Identification No. | Description of Works | Estimated Amount NRs (With VAT) | Bid Security Amount NRs and Validity | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1 | EGP/NCB/BN/ LHF/081/082/03 | Science lab and Meeting Hall Maintenance and Canteen building Furnishing works in Bhakti Namuna Secondary School | 71,86,692/- | 1,75,000/- (120 days) | 90 days |

**Principal**

# ‘झिल्को’को प्रदर्शन मिति हेरफेर

**काठमाडौं /मस-** चलचित्र ‘झिल्को’को प्रदर्शन मिति हेरफेर भएको छ । चलचित्र निर्देशक यादवकुमार भट्टराईले १९ वैशाखलाई नयाँ प्रदर्शन मिति तय गरेको जानकारी दिए । यसअघि चलचित्रको फर्स्टलुक सार्वजनिक गर्दै ५ पुसमा प्रदर्शन मिति घोषणा गरिएको थियो ।




चलचित्रको केही दृश्य छायांकन बाँकी रहेकामा उक्त छायांकन गत आइतबार सम्पन्न भएको निर्देशक भट्टराईले जानकारी दिए । अब पोस्ट प्रोडक्सनमा थप केही काम गर्ने तयारीका साथ मिति सारिएको उनले बताए । ‘पोस्ट प्रोडक्सनमा समय लगाएर मजैले काम गर्ने उद्देश्यका साथ प्रदर्शन मिति धकेलेका हौं’, उनले बताए । ‘झोला’ र ‘भोर’पछि यो उनको तेस्रो निर्देशकीय फिचर फिल्म हो । चलचित्रमा सुनील पोखरेल, वर्षा सिवाकोटी, भोलाराज सापकोटा, विशाल पोखरेल र आयुषी ढकाल प्रमुख कलाकारका रूपमा छन् । मोबाइल दुर्व्यसनका कारण बालबालिकामा देखिने समस्या र त्यसले परिवार र समाजलाई पार्ने प्रभावबारे फिल्म बनेको निर्माण टिमले जानकारी दिएको छ । ‘बालबालिकादेखि युवा पुस्ता र ज्येष्ठ नागरिकसम्म सबैलाई गम्भीर रूपमा गाँजेको र ठूलो समस्याका रूपमा विकास हुँदै गएको दुर्व्यसनी डिजिटल दुर्व्यसनी हो । यही संवेदनशील विषय झिल्कोको कथा हो’, निर्देशक भट्टराईले भने, ‘यो एक व्यावसायिक र बालमनोविज्ञानमा आधारित पारिवारिक चलचित्र हो ।’

चलचित्रको ९० प्रतिशत दृश्य छायांकन गत वर्ष चैतमा सकिएको थियो । केही दृश्य फरक अन्तर राखेर हालै खिचिएको निर्देशक भट्टराईले बताए । सती प्रथाको कथामा ‘झोला’ निर्माण गरेका भट्टराईले त्यसपछि सन् २०१९ मा दाइजोविरोधी चलचित्र ‘भोर’ बनाएका थिए । ‘झिल्को’को पटकथा तथा संवाद निर्देशक भट्टराईसहित अरुणदेव जोशी र देवव्रतले तयार पारेका हुन् । निर्माता सुशीला आचार्य र रामगोपाल थापा हुन् भने कार्यकारी निर्माता उमेश पौडेल छन् ।

# ‘चिठ्ठा’मा धीरेन र भोला

**काठमाडौं /मस-** कमेडी जनरामा फिल्म ‘चिठ्ठा’ निर्माण हुने भएको छ । पुस दोस्रो सातादेखि फ्लोरमा जाने फिल्मको निर्देशन आरएल लामा मोक्तानले गर्ने छन् । फिल्मको कथा, पटकथा तथा संवाद स्वयं निर्देशक आरएल लामाले नै तयार गरेका हुन् ।



फिल्ममा अभिनेता धीरेन शाक्य मुख्य भूमिकामा देखिने भएका छन् । उनीसहित भोलाराज सापकोटा, अर्जुन गुरुङ (भँगेरी डन), निमा लामा र रसिला कार्कीको पनि फिल्ममा अभिनय रहने छ ।

फिल्मका लागि अझै एक अभिनेता र एक अभिनेत्री छनोट हुन बाँकी रहेको निर्देशक मोक्तानले बताए । लंका फिल्मको ब्यानरमा निर्माण हुने लागेको फिल्म कमेडी कथावस्तुमा बन्ने जनाइएको छ । रेल्लु माया तामाङ प्रस्तुतकर्ताका रूपमा रहेको फिल्ममा आर सुनाम मोक्तानको लगानी रहने छ ।

मियम मोक्तान सहनिर्माता रहेको फिल्मलाई रंग पत्रकार सञ्चु थोकर लामाले छायांकन गर्ने छन् । उनले यसअघि निर्देशक मोक्तानकै फिल्म ‘ब्ल्याक छाया’को पनि छायांकन गरेका थिए । फिल्ममा शंकर महर्जनको द्वन्द्व निर्देशन, निर्देशक आरएल लामा मोक्तानको शब्द तथा संगीत, युवराज कँडेल र अनु चौधरीको स्वर रहने छ ।


## जापानमा रोजगार | KUMAMOTO HITODUKURI KYOUDOU KUMIAI, JAPAN

पुर्व स्विकृति मिति: २०८१।०९।०५ चलानी नं. ६०२२९९९७ LT No. 315622

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब N. Rs. | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्नेदिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture | 1 | 0 | सम्बन्धित कामका दक्ष | 165410 | 143751 | क.नी. अनु-सार | ८ घण्टा | ५ दिन | क.नी. अनु-सार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैं | रोजगारदाता कम्पनीले | रु.१५०० कामदार आफैं |

कामदारको न्युनतम योग्यता र काम गरेको अनुभव: क) नेपाली नागरीक हुनुपर्ने ।
ख) सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा २ बर्ष काम गरेको अनुभव हुनुपर्ने ।
दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी । ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपी । ग) अनुभवको प्रमाणपत्र।
१. दरखास्त बुझाउनुपर्ने स्थान र अन्तिम मिति: यस प्रा. लि. को कार्यालय , यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र ।
२. कामदारले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा, तथा प्रबर्द्धन खर्च समेतको ) कुल खर्च: १०,०००/-
३. छनौट गर्ने तरिका, मिति र स्थान, छनौट तरिका:

**अन्तरवार्ता: यस प्रा.लि. को कार्यालयमा २०८१ पुष १४ गते (29 December 2024) हुनेछ।**

नोट: वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासि, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवम् दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यक्तिलाई नेपाल सरकारले तोक वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।
वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस्। ३. यस विज्ञापन सूचनामा उल्लेख भए भन्दा वढी रकम कसैलाई नदिनुहोस्। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुहोस्। ५. अनिवार्य रुपमा विमा गराउनुहोस्। ६. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सो को १ प्रति आफुसँग राख्नुहोस्। ७. श्रम स्वीकृतीविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारीमा जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोस्। वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा. लि. मा गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ। ८. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोस्। ९. काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०. काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११. करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् । **द्रष्टब्य: यस विषयमा थप केही कुरा बुझ्नुपरेमा यस प्रा. लि. मा सम्पर्क गर्न सक्नु हुनेछ ।**

**आकृति रिक्रुटिङ्ग प्रा. लि.**
सिनामंगल, काठमाडौं , फोन नं.: ०१-४११०८२६, ४११०८११
श्रम इजाजत पत्र नं.: ९१७/०६७/०६८

## UAE मा रोजगार | कम्पनी: SINYAR AL KHALEEJ CONT. L.L.C. DUBAI, UAE

पूर्व स्वीकृती मिति २०८१।०९।०५ चलानी नं.६०२२९९३६ LT.No. 315637

| सि.नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव UAE | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 150 | - | काममा दक्ष | 900 | ३३,३४५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | निशुल्क |

**अन्तर्वार्ता २०८१ पौष १४ गते (29 December, 2024) मेनपावर कार्यालय कलंकीमा हुनेछ ।**

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,ताहाचलमा सम्पर्क राख्नु होला ।

**TIMS Talent International Management Service Pvt. Ltd.** श्रम इजाजत नं ९९८/०६८/६९
दृष्टी आखा अस्पताल नजिकै कलंकी काठमाण्डौ, नेपाल, सम्पर्क: ०१-५२३४६०३,९८१३३०४७२५, ९८५१०९३५७०

## Cyprus मा रोजगार | Global Tree Recruitment Ltd, Paphos, Cyprus

१. पूर्व स्वीकृती मिति २०८१।०९।०५ चलानी नं. ६०२२९९४० LT.No. 315612

| सि.नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Employee | 20 | - | स.काममा दक्ष | 750 | १०७,०५५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२. पूर्व स्वीकृती मिति २०८१।०९।०५ चलानी नं. ६०२२९९४४ LT.No. 315613

| सि.नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव EURO | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Employee | - | 20 | स.काममा दक्ष | 750 | १०७,०५५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | रु. ४५,०००/- |

**अन्तर्वार्ता २०८१ पौष १४ गते (29 December, 2024) मेनपावर कार्यालय रातोपुल गौशालामा हुनेछ ।**

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क राख्नु होला ।

**Shalma H. R. Overseas Pvt. Ltd.** Gov. Lic. No. 1111/073/74
Gaushala, KTM. Phone:- 4579525, 4579526, Email:- info@shalmahr.com


## महाकुलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**बुङ, सोलुखुम्बु**
**कोशी प्रदेश, नेपाल**

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

**सूचना प्रकाशन मितिः २०८१/०९/०७**

यस गाउँपालिकाबाट राष्ट्रिय दैनिकको मिति : २०८१/०६/२३ को संस्करणमा प्रकाशित Invitation for Bids Notice no. MRM/NCB/WORKS/2081/082/01 को PPMO को E–Procurement Portal मार्फत बोलपत्र आव्हान गरिएको तपशिलको निर्माण कार्यमा पेश भएका बोलपत्रदाताहरुबाट E–Bid मार्फत प्राप्त प्राविधिक एवम् आर्थिक प्रस्तावमध्ये मिति : २०८१/०७/२९ गते खोलिएको बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरुको बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन सम्पन्न भई मिति : २०८१/०९/०५ गतेको निर्णयले स्वीकृत भएको हुँदा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज) को उपनियम ५ बमोजिम निम्नानुसारको मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आर्थिक प्रस्ताव खोलिने मिति : २०८१/०९/१४ गते आइतबार, समय बिहान ११ बजे, स्थान : महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बुङ, सोलुखुम्बु**

| सिं.नं. | ठेक्का नं. | कार्यको विवरण | प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको नामावली |
|---|---|---|---|
| १. | MRM/NCB/WORKS/2081/082/01 | Construction of Mahakulung Rural Municipality administrative Building, Bung, Solukhumbu | १. श्री Aron–OM Balaji–P.R. J.V., भक्तपुर<br>२. श्री Ramechhap–PR–HB J.V., पेप्सीकोला-३२, काठमाडौं<br>३. श्री Jateshwor Nirman Sewa Pvt. Ltd., कोटेश्वर- ३२, काठमाडौं<br>४. श्री JALSAMUNDRA/SUNAMI/HARIBHAKTA J.V., विदुर- ७, नुवाकोट<br>५. श्री Earth Designers and Developers Pvt. Ltd., हेटौडा- ६, मकवानपुर<br>६. श्री A.C.E./ Anamol J.V., केदारस्युँ- १, बझाङ<br>७. श्री Bhawana–Kalinag J.V., टोखा, काठमाडौं<br>८. श्री YETI–HAMRO–BNSPL J.V., सोलु दुधकुण्ड- ०६, सोलुखुम्बु<br>९. श्री SNS–BARAJI–R.U. MAINALI J.V., विराटनगर- १२, मोरङ<br>१०. श्री Chandrajyoti Construction and Suppliers, महादेवस्थान मार्ग- ३५, काठमाडौं<br>११. श्री Arisha/Koju Engineering & Builders J.V., तौलाछे- ०१, भक्तपुर<br>१२. श्री B.K.S.K. Construction & Suppliers Pvt. Ltd., बुढानिल्कण्ठ- ११, काठमाडौं |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## काबेली हाइड्रोपावर कम्पनी लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वर, काठमाडौं
फोन: ०१-४५४२७८२ ईमेल: kabeli.hydro5@gmail.com

### तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित २०८१/०९/०७**

**श्री शेयरधनी महानुभावज्यूहरु,**

यस काबेली हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८१/०९/०५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको तेस्रो वार्षिक साधारण सभा तपसिलबमोजिमको मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति : २०८१ साल पौष २६ गते शुक्रबार (तदनुसार सन् २०२५ जनवरी १०)**
**समय : दिनको ठिक ३:०० बजे ।**
**स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वर, काठमाडौं ।**

**छलफलका विषयहरु:**

**(क) साधारण प्रस्ताव:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०८०/८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु उपर छलफल गरि पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ का लागि बाह्य लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालकहरुको बैठक भत्ता अनुमोदन गर्ने ।
५. स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने ।

**(ख) विशेष प्रस्ताव:**

१. कम्पनीको अधिकृत र जारी पूँजी वृद्धि गरी पूँजी संरचना परिवर्तन सम्बन्धमा प्रबन्धपत्रको दफा ६ को उपदफा (क), (ख) र (घ) मा संशोधन गर्ने ।
२. शेयरको सार्वजनिक निष्काशनको सम्बन्धमा दोस्रो वार्षिक साधारणसभाले गरेको निर्णयलाई परिमार्जन गरी शेयरको सार्वजनिक निष्काशन गर्ने बारे ।
३. ऋण बापतको लगानी रकम उपभोग गर्ने सम्बन्धमा मिति २०८१/०१/०४ को सञ्चालक समितिको बैठकले गरेको निर्णय अनुमोदन गर्ने ।
४. नियमन निकायहरुको निर्देशन अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नुपर्ने अवस्था आईपरेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

**साधारण सभा सम्बन्धि अन्य जानकारीहरु:**

१. प्रतिनिधि (प्रोक्सी) मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीहरुले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा कम्पनीले तोकेको प्रोक्सी फारम भरेर पेश गरिसक्नुपर्नेछ । एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिनेछ ।
२. मिति २०८१/०९/१८ गते देखि साधारण सभा नभईञ्जेलसम्म शेयर दाखिल खारेज बन्द गरिनेछ ।
३. छलफलका विषयसूची मध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरि कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।
४. सभामा भाग लिन आउनुहुने महानुभावहरुले प्रवेश पत्र वा आफ्नो शेयर प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाउनुहुनेछ । कुनै महानुभावले कुनै कारणवश प्रवेश पत्र वा शेयर प्रमाणपत्र प्राप्त गर्न नसक्नु भएमा कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क राखि साधारण सभा हुने मिति अगावै प्रवेश पत्र प्राप्त गर्नहुन अनुरोध गरिन्छ ।
५. सञ्चालक समिति निर्वाचन सम्बन्धि सम्पूर्ण सूचना एवं जानकारीहरु कम्पनीको केन्द्रिय कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।
६. अन्य जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा फोन नं. ०१-४५४२७८२ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## Sangurigadhi Rural Municipality
## Office of the Rural Municipal Executive

**Bhedetar, Dhankuta**
**Koshi Province, Nepal**

### Invitation for Bids

**Date of Publication: 2081-09-07 (22nd Dec, 2024)**

Sangurigadhi Rural Municipality, Bhedetar, Dhankuta invites online Bids from Nepalese eligible bidders for following works under National competitive bidding (NCB) Single Stage Single Envelope System Bidding Procedure. Bidders may obtain further information from the PPMO web Portal website: www.bolpatra.gov.np/egp with Public Entity Name: Sangurigadhi Rural Municipality, Office of the Rural Municipal Executive, Bhedetar, Dhankuta. www.sangurigadhimun.gov.np.

